## अध्याय-एक

# परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

महिला भएकै आधारमा मानवअधिकार उपभोगमा गरिने विभेद शारीरिक तथा मानसिक रुपमा दिईने पीडा, प्रतिवन्ध लगाएत जुनसुकै तरिकावाट महिलाको आत्मा सम्मानमा पुऱ्याउने सवै किसिमको आघातलाई महिला हिंसाका रुपमा वुझिन्छ । समाजमा महिला हिंसाको स्थिति कायम रहन विभिन्न परिस्थितिहरुले भूमिका निर्वाह गरिरहेको हुन्छ । नेपालको सन्दर्भमा कुल जनसंख्याको आधाभन्दा वढी हिस्सा ओगटेका महिलाहरु अहिले सम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालको हिंसाका सिकार भई रहेका छन्। परम्परागत धार्मिक तथा सांस्कृतिक मान्यताले महिलालाई असमानत वनाएकै छ देशमा विद्यमान कतिपय कानुनी व्यवस्थाले समेत महिलाको हैसियतलाई समान वनाउन सकेको छैन । देशमा धेरै ठुला राजनितिक परिवर्तन भएका छन् । तर ती परिवर्तनलाई निर्णायक विन्दुमा पुऱ्याउन आफ्ना तर्फवाट भूमिका निर्वाह गर्ने नेपाली महिलाहरुको जीवन र मर्यादमा भने उल्लेखनीय परिवर्तन आउन सकेको छैन । समाजमा व्याप्त पितृसतात्मक सोच, अन्धविश्वास, पुरातन संस्कार एवं परम्परा विभेदपूर्ण कानुन, लैés असमानता, आर्थिक परनिर्भरता, अशिक्षा, गरिवी नीति निर्माणका तहमा महिला प्रतिनिधिको उपस्थिति न्यूनता जस्ता विषयनै महिला हिंसा हुनुका प्रमुख कारणका रुपमा देखिएका छन् । नेपाली समाजमा महिलालाई दोश्रो दर्जाका नागरिकका रुपमा गरिने व्यवहार अहिले पनि जारी छ । महिला र पुरुष विच विद्यमान यही सामाजिक विभेदका कारण पनि महिला माथि हिंसा भईरहेको छ । महिला माथि हत्या, हिंसा, वलात्कार, यौन दुर्व्यवहार, अपहरण, वेचविखन, कुटपिट, आगोलगाउने, विष खुवाउने, एसिड खन्याएर कुरुप वनाउने, दैनिक घर व्यवहारमा दुव्यवहार गर्ने , शंका उपशंकाका भरमा अवसर,अधिकार वाट वन्चित गर्ने, गराउने, आत्मासम्मानमा चोट पुग्ने वोली र व्यवहार गरिने आदि घटना भइरहेका छन् । त्यसका सम्पूर्ण कारणलाई महिला विरुद्धको हिंसा मानिएको छ ।

नेपालको पछिल्लो जनगणना २०६८ अनुसार देशको कुल जनसंख्याको आधाभन्दा धेरै भाग (५१.५०%) महिला वर्गले ओगटेका छन् । समाजमा आदिमकालदेखि नै

महिलाको हिस्सा, योगदान, भूमिका पुरुष सरह रहि आएको पाइन्छ । देशको विकास महिला विकाससँग सम्बन्धित छ । तर विभिन्न स्थितिको तुलना गर्दा नेपाली महिलाको विगत तथा वर्तमान स्थिति पुरुषको तुलनामा त्यति सन्तोजनक देखिँदैन ।

भौतिक विकासको चरमोत्कर्ष विन्दुमा पुगेको वर्तमान युगमा हामीसँग मानवलाई हेर्ने एउटै विन्दु छैन्, बरु मानिसलाई लैङ्गिक आधारले पुरुष र महिलाको विभाजित विन्दुबाट हेर्ने परम्परागत मान्यता नै विद्यमान रहिआएको छ । पुरुष र महिलाजस्तो नितान्त जैविकिय भिन्नतालाई सामाजिक दृष्टान्तमा हेरिँदै आएको छ, जुन जैविकीय तर्कमा अस्वभाविक कुरा हो । समयले एक्काइसौं शताब्दीको आधाभन्दा बढी समय पार गरिसक्दा पनि हाम्रो परम्परागत दृष्टिकोण र सोचाइमा परिवर्तन नहुनु सबैका निम्ति सोचनीय विषय रहेको छ ।

सृष्टिको सुरुदेखि नै प्रकृतिले महिला र पुरुषलाई विभिन्न रुप र गुण दिएर एक अर्काका पूरक प्राणीका रुपमा सृजना गरेको छ । त्यसैले समाज भनेको महिला र पुरुषको संयुक्त संगठन हो, जसमा दुबै वर्ग समान रुपले जन्मन्छन्, हुर्कन्छन् र एक अर्काको सहयोगी, सहयात्री र सहकर्मी भएर मिलेर सँगसँगै बस्दछन् । सृष्टिको आदिमकालदेखिकै इतिहासलाई हेर्ने हो भने त्यसबेला महिला र पुरुषबीच लिङ्गभेद देखि बाहेक अरु कुनै कुरामा भेदभाव भएको पाइँदैन । त्यतिवेला मातृसत्तात्मक समाज थियो । जति जति समाज विकसित हुँदै गयो, सामाजिक अवधारणाहरु पनि परिवर्तित हुँदै समाज पितृसत्तात्मक हुन पुग्यो र आजसम्म पनि त्यही मूल्य मान्यतामा रहिरहेको छ । पुरुषलाई उच्च स्थानको मान्ने, वंश परम्पराको धरोहरका रुपमा हेर्ने, समाजले महिलालाई पराया धन, परनिर्भर, सन्तान जन्माउने साधन, भोग्य वस्तु दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गर्दै आएको छ।

वैदिक कालमा महिलाको स्थान उच्च थियो भने तथ्य ‘जहाँ नारी पुजिन्छन् त्यहाँ देवता खुशी हुन्छन्’ भन्ने उक्तिवाट पुष्टि हुन्छ । वैदिककालमा शिक्षा नारीलाई पनि प्राप्त हुने गर्दथ्यो । मैत्रेयी, गार्गीजस्ता विदुषीहरु वैदिककालमा वेद अध्ययन गरेर विदुषी भएका थिए  धर्मग्रन्थ र नीतिशास्त्रहरुले पनि पौराणिक कालमा मातृसत्तात्मक समाज भएको र समाजमा आमाको पहिचानबाट नै छोराछोरी चिनिन्थे भन्ने तथ्यालाई पुष्टि गर्दछ । समाजमा महिलाको भूमिका र महत्त्व पुरुष सरह थियो भन्ने कुरा धार्मिक ग्रन्थका भनाईहरूबाट स्पष्ट हुन आउँछ ।

प्राचीन कालमा परम्परागत रुपमा चल्दै आएका सामाजिक मूल्य र मान्यताहरु एक पिढींबाट अर्को पिढींमा हस्तान्तरण हुँदै जाने पारिवारिक शिक्षा परम्परा रहेकाले अझैपनि हिन्दू समाजमा महिलालाई पुरुषको आधा अङ्गको रुपमा लिइन्छ । यसप्रकार पौराणिक कालमा महिलाको स्थान समाजमा पुरुष सरह थियो भन्ने बुझिन्छ ।

विकासको पूर्वकालखण्डमा समाज मातृसत्तात्मक थियो । समाज विकासको दौरानमा महिलाको भूमिका परिवारिक रुपमा नै कमजोर हुँदै गएपछि सम्भवतः पितृसत्तात्मक समाजको विकास भएको हुन सक्छ । विकसित मुलुकहरुमा लैङ्गिक असमानताको खाडल केही हदसम्म पुरिदैं गएपनि पूर्ण रुपमा समान समाज बन्न सकेको पाइँदैन । वैदिककालीन समाजमा हाम्रो देशमा महिलाको अवस्था भूमिका र स्थान उच्च रहेको कुरा ऐतिहासिक ग्रन्थहरुबाट थाहा पाउन सकिन्छ । प्राचीन कालमा महिलालाई जननी, मातृत्व करुणाकी धनी, ज्ञान र शक्तिकी प्रतीक, पुरुषकी अर्धाङ्गिनीका रुपमा व्यवहार गरिन्थ्यो । त्यसवेला शिक्षा, सम्पत्ति एवम् सामाजिक रुपमा महिला प्रति सम्मान भाव रहेको पाइन्छ । पछिल्लो कालखण्डमा छोराप्रतिको सामाजिक मोहका कारण महिलालाई क्रमशः उपेक्षित बनाउँदै लगियो । यसरी समय परिवर्तन सँगै विभिन्न कारण र परिस्थितिले गर्दा महिलाहरु शिक्षाको अवसरबाट बञ्चित हुँदै गए जसको परिणामस्वरुप महिलाहरु पूर्ण रुपले पुरुषप्रति आश्रित र दोस्रो दर्जाको नागरिकको रुपमा चिनिए । नेपालमा मात्र नभएर अन्य विकसित राष्ट्रको तुलनामा अल्पविकसित राष्ट्रका महिलाहरुको पहुँच सामाजिक, आर्थिक, शैक्षिक राजनीतिक आदि सबै क्षेत्रमा न्यून हुदै गयो । अझ दक्षिण एसियाली मुलुकहरुमा महिलाको अधिकार र हकबारे समाजको दृष्टिकोण सँकुचित र स्वार्थी रहेको हुनाले यस्ता समाजहरुमा लैङ्गिक दृष्टकोण तटस्थ, निरपेक्ष पाइदैन जसको कारण महिला हिंसामा वृद्धि हुदै गया ।

'वास्तवमा नेपाली महिलाहरु स्वतन्त्रतापूर्वक बाँच्न पाउनु पर्ने आधारभूत मानव अधिकारबाट समेत बञ्चित छन् । सामाजिक, सांस्कृतिक रुपमा नै परिवारको एउटा दासको रुपमा वाँच्न बाध्य छन् । दिनानुदिन महिला माथि हुने दमन, शोषण, हिंसा आदिका घटनाहरु बढिराखेका छन् । सामाजिक,साँस्कृतिक, आर्थिक तथा शैक्षिक स्थिति कमजोर हुनाले पनि अधिकांश काममा महिलाहरुको सहभागिता भएतापनि सम्पत्ति आर्थिक हिसाबकिताव, सामाजिक तथा पारिवारिक समस्याको त्यसँग सम्बन्धित पक्षको निर्णयमा महिलाको भूमिका न्यून हुन्छ ।

अरुको निर्णयमा चल्नुपर्ने हुन्छ । घरायसी निर्णय प्रक्रियामा महिलाको सहभागिता उनीहरुको विचाको कदर न्यून हुन्छ ।'

हामीले मान्दै आएको हिन्दु धार्मिक दर्शन अन्तर विरोधी छ । एकातिर नारीको सम्मान गर्ने कुरा लेखिएको छ भने आर्कातिर उनीहरुलाई अवला नारीको रुपमा परिभाषित गरिएको छ । एकातिर देवीको रुपमा चाडपर्वमा महत्व दिइन्छ भने अर्कातिर पिता, पुत्र र पतिको नियन्त्रणमा रहनुपर्ने दासीको रुपमा हेरिन्छ । हामीले बर्षेनी सुन्दै आएको स्वस्थानी व्रतकथामा सात वर्षकी गोमाको विवाह सत्तरी वर्षका शिवभट्ट ब्राह्मणसँग भएको कथा सुन्दै आएका छौं । हामी हिन्दू धर्मका जति कथा र पुराणहरु सुन्दछौं, सबैमा महिला चरित्र सम्बन्धी व्याख्या गरिएको पाउँछौ, भने पुरुषको चरित्रको व्याख्या कहीँ पाइँदैन साथै पुरुषले एक भन्दा बढी विवाह गरेको कथा सुन्न पाइन्छ । यी कुराहरुबाट धार्मिक रुपमा नै महिला प्रतिको सोच संकुचित रहेको पाइन्छ ।

सिन्धुली जिल्लाको अरुणठाकुर गाविसमा पनि मगर जातिको बसोबास रहेको छ । उक्त क्षेत्रमा बस्ने मगर समुदायहरुले पनि आफ्नै मौलिक परम्परा एवं संस्कृतिलाई निरन्तरता दिदैं आएको पाइन्छ । अरुणठाकुर गाविसमा बसोबास गर्ने मगर समुदायमा पनि महिलाहरु माथि सामाजिक तथा आर्थिक कारणले हिंसाका घटनाहरु भएको पाइन्छ । यस्ता घटनाहरु खासगरी परिवारकै सदस्यहरुबाट हुने भएका कारण यस शोधपत्रले खोतल्ने प्रयास गरेको छ । अरुणठाकुर गाविसमा बसोबास गर्ने मगर महिला विरुद्ध हुने घरेलु हिंसाका बारेमा चर्चा गर्ने प्रयास यो शोधमा गरिएको छ । मगर जातिको घरपरिवारको सामाजिक तथा आर्थिक अवस्था, महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक तथा राजनैतिक पक्षहरुको यर्थाथता पत्ता लगाउनुमा यस शोधपत्रको विशेष जोड रहेको छ । त्यसैगरी मगर महिलामाथि हुने हिंसाका स्वरुप एवं प्रकार र हिंसा हुनुको कारणहरुको खोजी गर्ने प्रयास यस शोधले लिएको छ ।

## १.२ समस्याको कथन

देशको आधा जनसंख्या भएका महिलाहरुको प्रतिनिधित्व र सहभागिता पुरुषको दाँजोमा हरेक क्षेत्रमा कम रहेकाले राष्ट्रको सामाजिक, आर्थिक, राजनीतिक विकासमा मूल प्रवाहबाट उनीहरु अलग्गिएका छन् । हाम्रो जस्तो पितृसत्तात्मक सोच भएको समाजमा महिलाको

आवश्यकता जति नै बढि भएपनि उनीहरुको भूमिकालाई गौण रुपमा लिइन्छ। समाजमा व्याप्त रुढिवादी सस्कार, परम्परागत मान्यता, धार्मिक अन्धविश्वासको जरोलाई कानुनले उखेल्न नसकेको परिणाम स्वरुप आजको समाजमा पनि कतिपय महिलाहरु महिला हिंसा जन्य घटनाहरुवाट पीडित भएको पाइन्छ।

नेपालमा विभिन्न धार्मिक संस्कार र परम्पराहरू नै महिला विरुद्धको हिंसाका प्रतिरुप हुन् । जस्तैः बोक्सीको आरोप लगाउने, बिरामी पर्दा डाक्टर नखोजेर धामी झाँक्री माथि विश्वास गर्ने, महिलालाई दोषारोपण गर्ने र पिट्ने कुट्ने गरेको पाइन्छ।

अर्कोतिर महिला माथि हुने मूख्य हिंसा भनेको भ्रुण हत्या पनि हो । आफ्ना आफन्तहरुवाट जवरजस्ती करणी र लैङ्गिक पहिचानका आधारमा छोरी भए भ्रुण हत्या गर्ने परिपाटी पनि दिनानु दिन मौलाउदै गएको भेटिन्छ। यस आधारमा पनि महिलाहरु भ्रुण अवस्था देखिनै हिंसा व्यहोर्दै आएका छन भन्न सकिन्छ।

नेपाली समाज पित्तृसतात्मक पारिवारिक ढाँचामा भएको कारण महिलाहरु दोस्रो दर्जाको नागरिकको तहमा बस्न बाध्य हुनु परेको छ । जुनसुकै उमेर अवस्थाको भए पनि पुरुषको हकअधिकार महिलाको भन्दा बढी हुने हुनाले महिलाहरूले पैत्रिक सम्पत्तिमा हकदावी गर्न सक्दैनन् । जसले गर्दा महिलाहरुलाई केवल पुरुषको भोग्य वस्तुको रुपमा लिने गरेका छन् । अझ विवाहमा कम दाइजो ल्याएको निहुँमा परिवारमा झैझगडा हुने र परिणाम स्वरुप महिलाहरुको भविश्य नै अन्धकारमा पर्ने गरेको छ। तसर्थ आर्थिक दृष्टिकोणले पनि महिलाहरू पुरुषको भोग विलास र उपभोग्य वस्तुको साधनको रूपमा प्रयोग आएको र विभिन्न प्रकारका आर्थिक हिंसाहरु माहिलाले मात्र सहनु परेको अध्ययनहरुले देखाएको छ। जुन कुरा अरुणठाकुर गाविसमा रहेका मगर महिलाहरुले पनि विगत देखि भोग्दै आएका छन्।

नेपाल लगायत अन्य देशहरुमा महिलाको हिंसा हुनुका कारणहरुबारे धेरै अध्ययन अनुसन्धान भएका छन् । यी अध्ययन अनुसन्धानले महिला हिंसा हुनुमा विभिन्न कारणहरु देखाएका छन् जसमा पनि  मुख्यतः विद्यालय शिक्षामा पहुच नहुनु र पैतृक सम्पतिमा अधिकार नहुनुले महिला हिंसा अझ मौलाएको देखाएको छ। उपर्युक्त कुराहरुलाई समस्याको कथनको रुपमा लिई समाजशास्त्रीय ढङ्गले अध्ययन गर्न विभिन्न समस्याहरुलाई तल प्रस्तुत गरिएको छ।

- आजको एक्काईसौं  शताव्दी सम्म पनि घरेलु हिंसाले समुदायमा के कस्ता असरहरु पुऱ्याएका छन् त्यसको खोजी गर्नु यस अध्ययनको प्रमुख समस्याको रुपमा रहेको छ ।
- मगर समुदायमा अशिक्षाको कारणले के कस्ता समस्याहरु मगर महिलाले झेल्नु परेको छ त्यसको खोजी गर्नु ।
- मगर समुदायमा महिलाका सामाजिक र आर्थिक पक्षसँग सम्वन्धित विभिन्न समस्याहरुको खोजी गर्ने ।
- मगर समुदायका महिलाहरुले विभिन्न घरेलु हिंसा सहेर वस्नुको प्रमुख कारणहरुको खोजी गर्नु ।

## १.३ अनुसन्धानको उद्देश्य

यस अनुसन्धानको उद्देश्य अरुणठाकुर गाविसमा बसोबास गर्ने मगर जाति महिलाहरुप्रति हुने गरेका घरेलु हिंसा र सो को कारणहरूको बारेमा अध्ययन गर्नु हो । यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्न छन् :

- मगर जातिका महिलाहरूको सामाजिक तथा आर्थिक पक्षहरुको विश्लेषण गर्नु ,
- मगर महिलाहरूमा हुने घरेलु हिंसा र त्यसको मुख्य कारणहरु पत्ता लगाउनु ,

## १.४ अध्ययनको महत्व

नेपाली समाजमा हरेक क्षेत्रमा महिलाको पहुँच पुरुषको तुलनामा कम रहेको छ । नेपालका महिलाहरुमा हिंसा भएको कारण नै उनीहरु सामाजिक आर्थिक रुपले पछाडि परेका छन् । नेपालका महिलाहरु सामाजिक आर्थिक रुपले पछाडि पर्नुको एउटा कारण हिन्दू धर्म र पितृसत्तात्मक सामाजिक व्यवस्था जिम्मेवार रहेको छ भने अर्को कारण शैक्षिक चेतनाको कमी पनि हो । यस अध्ययन अनुसन्धानले अरुणठाकुर गाविसमा भएका मगर महिला माथि हुने विभिन्न प्रकारका हिंसाहरुको उजागर गरी उक्त हिंसा न्युनीकरण गर्न उपयुक्त किसिमको सुझाव पनि दिनेछ ।

अहिलेको प्रतिस्पर्धात्मक समाजमा मानव विकास र महिला हिंसा अन्त्यका लागि शिक्षा एउटा आधारभूत आवश्यकता हो । शिक्षाले सूचनामा पहुँच पुऱ्याउन सहयोग गर्दछ भने

यसैवाट नयाँ अवसरको ढोका खोल्दछ । सामाजिक भेदभाव र विभेदपूर्ण शक्ति सम्बन्ध एवम् अवसरका संरचनाहरु प्रति आलोचनात्मक सोचाइ राख्न र तिनका बारेमा प्रश्न गर्न सक्षम बनाइदिन्छ तर नेपालीहरुको शैक्षिक स्तर त्यति सन्तोषजनक छैन । त्यसमा पनि महिला र पुरुष बीचको शिक्षाको पहुँचमा स्पष्ट भेद छ । यो अध्ययनले त्यस्ता विभेदको सीमाभित्रबाट महिलाहरु बाहिर निस्कनुपर्छ र आफुप्रति भएको हिंसाको विरुद्धमा वाहिर आउनु पर्छ भन्ने कुराको सन्देश पनि दिनेछ भन्ने मैले आशा राखेको छु ।

वि.सं. २०६२/०६३ को गौरपूर्ण आन्दोलमा नेपाली महिलाको उपस्थितिलाई हेर्दा उनीहरुको चेतना र संगठनको स्तर पुरुषको भन्दा कम देखिँदैन । उनीहरु समाजमा परिवर्तन ल्याउन चाहन्छन् । परिवर्तनको नेतृत्व पनि गर्न चाहन्छन् भन्ने देखिन्छ । यसैले पनि नेपाली महिलाहरुको चेतनाको स्तरमा व्यापक परिवर्तन आएको निष्कर्ष निकाल्न सकिन्छ । तर परम्परादेखि दमित रहेका महिलाहरुका अवसर, शिक्षा र चेतना सँगसँगै लैजानका लागि घरपरिवार समुदाय र राज्य व्यवस्थाले उदार भई सहयोग गर्नुपर्दछ । परिवारमा एउटा महिला सक्षम हुँदा त्यसको प्रभाव ठूलो हुन्छ । हामीले चाहेको विकास पनि सन्तुलित हो भने वा समग्र विकासको लक्ष्य हामीले लिएका हौं भन्ने महिला र पुरुष दुबैको विकास समान किसिमले हुनु जरुरी छ । यसबाट मात्रै राष्ट्रिय विकासको लक्ष्यमा पुग्न सकिन्छ । महिलाको विकास हुनु भनेको महिलाको मात्र विकास नभएर समग्र समाजको पनि विकास हो भन्ने दृष्टिकोणबाट अघि बढ्नु पर्दछ । यसरी महिलाई विकासको गतिमा लैजान हरेक महिलालाई शिक्षामा पहुँच पुऱ्याई हिंसावाट माथि उठाउनु पर्दछ ।

वि.सं. २०४६ सालको आन्दोलन पश्चात् नेपाल सबै वर्ग, जाति सँगसँगै महिला वर्गको शैक्षिक तथा सामाजिक स्तरमा क्रमिक सुधार आएको देखिन्छ । विभिन्न संघसंस्थाहरु महिलाको स्थिति उकास्न आवद्ध छन् तर अपेक्षित उपलब्धि हासिल हुनु सकेको छैन् । विभिन्न संघसंस्थाले विदेशी अनुदान एवम् आर्थिक सहायता सञ्चालन गरेका कार्यक्रमहरुको उद्देश्य राष्ट्रको मूल प्रवाहबाट अलग रहेको वर्गको आर्थिक, सामाजिक र शैक्षिक उन्नति एवं चेतनाको स्वर अभिवृद्धि गर्ने भएपनि उक्त कार्यमा ती संघ संस्थाका कार्यक्रम कत्तिको प्रभावकारी हुन सकेका छन् ? प्रभावित वर्गहरुमा कार्यक्रमले कत्तिको सकारात्मक परिवर्तन ल्याएको छ त ? यस्ता कुराहरुको निष्कर्ष यस्ता अनुसन्धानबाट निकाल्न सकिन्छ ।

यो अध्ययन अरुणठाकुर गाविसका मगर महिलाहरुमाथि हुने हिंसाको अवस्थामा केन्द्रित छ । यो अध्ययन महिलावर्गको उत्थानका निम्ति आवश्यक योजना निर्माण गर्ने योजनाकार, नीति निर्माणलाई उपयोगी हुनेछ भन्ने कुरामा पूर्ण विश्वस्त रहेको छु । समग्रमा यस अध्ययनको महत्वलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ ।

१. अन्य ठाउँका महिलाहरुलाई सुझाव तथा उदाहरण प्रस्तुत गर्न सकिनेछ ।

२. यस अध्ययनले सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकन गर्न सजिलो हुनेछ ।

३. यस अध्ययनमा अरुणठाकुर गाविसका मगर महिलाहरुको विभेदित सामाजिक अवस्थाको यथार्थ चित्रण गरिने हुँदा महिलाहरु पिछडिनु र उनिहरुमाथि हुने हिंसाको यथार्थ पाठकसामु आउनेछ ।

## १.५ अवधारणात्मक ढाँचा

अरुणठाकुर गाविसका मगर महिलाहरूले भोग्नु परेका विभिन्न प्रकृतिका हिंसालाई अधार वनाई यस्तै प्रकारका अन्य घटनाहरुको विभिन्न सैद्धान्तिक ढाँचामा राखेर अध्ययन गर्न यो अध्ययनले सहयोग गर्छ । खासगरी यो अध्ययनमा महिला हिंसा हुनुमा समाजका सामाजिक, सांस्कृतिक, आर्थिक तथा शैक्षिक कारणहरु जिम्मेवार देखिए पनि मुख्य गरी लैंगिक दृष्टिकोण (Gender Perspective) नै बढी जिम्मेवार रहेको अनुसन्धान कर्ताको ठहर छ । समाजमा पुरुषभन्दा महिला नै बढीजसो विभिन्न खाले हिंसा एवं भेदभावजन्य व्यवहारहरुबाट पीडित रहेको पाइन्छ । समाजले नै महिला र पुरुषको बीचमा भेदभाव सिर्जना गरेको कारण, निर्णय प्रक्रिया र श्रम विभाजनका कारण महिलामाथि कुटपिट, गालीगलौज, दुर्व्यवहार, बहुविवाह, अत्याधिक श्रम शोषण आदि प्रकारका हिंसाजन्य घटनाहरु हुने गर्दछन् । त्यसैकारण पनि यो अध्ययनको अवधारणागत पक्षलाई अनुसन्धान कर्ताले लैंगिक पक्षबाट नियाल्ने प्रयास गरेको छ ।

**चित्र : मगर महिलाहरुमाथि हुने घरेलु हिंसाको लैंगिक अवधारणगत ढाँचा**

**हिंसाका स्वरुप एवं प्रकारहरु:**

- वलात्कार
- कुटपिट
- यौन दुर्व्यवहार एवं यौन शोषण
- खानलाउन नदिने
- घरबाट निकालिदिने
- जवर्जस्ती विवाह
- असमान व्यवहार र मानसिक यातना

**हिंसा हुनुका कारणहरु:**

**१. सामाजिक तथा सांस्कृतिक कारण**

- छोरीप्रति हेर्ने दृष्टिकोण फरक
- बोक्सी र टोकुवाको लाल्छना
- असहाय र निर्वलको संज्ञा दिनु
- काजक्रिया गर्न रोक्नु

**२. आर्थिक कारण**

- अनुत्पादक क्षेत्रमा महिलाहरूलाई सीमित गर्नु
- भू:स्वामित्व पुरुषमा मात्र नियन्त्रण रहनु, असमान ज्याला
- पैत्रिक सम्पतिमा पुरुषको नियन्त्रण
- आर्थिक क्रियाकलापमा रोक र निर्णय प्रकृयामा महिलाको सहभागिता नगराउनु

**३. शैक्षिक कारण**

- छोरीलाई ढिलो विद्यालय भर्ना गराउने
- महिलालाई घरायसी कार्यमा जोड दिनु
- छिटो विवाहको लागि दवाव दिनु र प्रतिभा विकासमा सहयोग नगर्नु

**महिला हिंसा**

**१.६ अध्ययनको संरचना**

यस शोधकार्यको संरचना निम्नानुसारको रहेको छ :

अध्याय एक : परिचय

अध्याय दुई : साहित्यको पुनरावलोकन

अध्याय तीन : अनुसन्धान पद्धति

अध्याय चार : अध्ययन क्षेत्रको सामान्य परिचय

अध्याय पाँच : महिलाले भोगेका हिंसा, हिंसाका प्रकार र त्यसका कारणहरु

अध्याय छ : सारांश तथा निष्कर्ष

अध्ययनबाट सङ्कलित तथ्यांकहरूको विवरणलाई जम्मा छ वटा अध्यायमा बर्गीकरण गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, अध्ययनको महत्व, अवधारणात्मक ढाँचा तथा अध्ययनको संरचनालाई लिपीबद्ध गरिएको छ । त्यसैगरी साहित्यको पुनरावलोकनलाई दोस्रो अध्यायमा प्रस्तुत गरिएको छ । अनुसन्धान गर्दा अध्ययन क्षेत्रमा अपनाइएका योजना तथा विधिहरुलाई तेस्रो अध्यायमा प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रको भौगोलिक स्थितिलाई चौथो अध्यायमा समेटिनुका साथै घरधुरी उत्तरदाताहरुको सामाजिक-आर्थिक अवस्था तथा विशेषताहरुलाई समेत सोही अध्ययमा प्रस्तुत गरिएको छ । पाँचौ अध्यायमा भने अध्ययनको मुख्य विषयवस्तुमा केन्द्रित रही मगर महिला माथि हुने महिला हिंसाको बारेमा उत्तरदाताहरुको धारणा, हिंसाको प्रकार र हिंसा हुनुका मुख्य कारणहरुको बारेमा भएको खोज विश्लेषणलाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ । अन्तिम अर्थात् छैटौं अध्यायमा भने अध्ययनको समग्र स्वरुपको संक्षिप्त विवरण तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

# अध्याय-दुई
# साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक दृष्टिकोण

### महिलावाद

महिलाहरुको विभिन्न पक्षहरुमा कुरा गर्नु उनीहरुको हक र हितको रक्षा गर्नका निम्ति महिलावादको उदय हुन गएको हो । पितृसत्ताले समाजका हरेक क्रियाकलाप, विकास, सिद्धान्त, कला साहित्य आदि जस्ता क्षेत्रमा महिलाको भूमिकालाई वास्ता नगरी महिलाप्रति शोषण र दमन गर्दै आएको छ । समाजको यस्तो रुपलाई परिवर्तन गर्न महिलाहरु जागृत हुन थाले र त्यही अवस्थाबाट नै नारीवादको उदय हुन गएको पाइन्छ । नारीवादले लिङ्गको प्रतिनिधित्व नगरी विचारको प्रतिनिधित्व गरेको हुन्छ । व्यक्ति पुरुष होस् वा नारी जो कोही पनि नारीवादी हुन सक्छ । नारीवादी चिन्ताले 'अन्याय र असमान व्यवहारको दायरामा नारीले बाँच्नुहुँदैन' भन्ने विचारलाई अग्रगामी मार्गमा अग्रसर गराएको हुन्छ । अर्को शब्दमा लैङ्गिक समानताको आवश्यकता र यसको महत्वलाई स्वीकार गर्ने विचार हो नारीवादी । यसरी हेर्दा नारीवादी मानवतावादी दर्शन हो ।

समाजमा रहेको प्रत्येक तह र प्रकारको लैङ्गिक विभेदको व्याख्या र विश्लेषण गर्ने व्यवस्थित र विधिगत, अवधारणा गत मान्यता तथा लैङ्गिक पृष्ठभूमिका विषयमा संलग्न सरोकारित परिवर्त्यहरुबीचको सम्बन्धको अध्ययन गर्ने महिलावदी सिद्धान्त हो । सन् १९५० पछिका समयमा विकास भएको समाजको समग्र परिवर्तन र रुपान्तरणका साथै लैङ्गिक भुमिकाको खोज गर्ने सम्बन्धमा यस सिद्धान्तको विकास भएको हो । सन् १९६० पछि महिलाको विविध पक्षमा देखिएका दमन, असमानता, शोषण, हिंसा, स्रोतमाथि असमान पहुँच, कार्यविभाजनमा आधारित गरेर अध्ययन अनुसन्धानहरु गरिन थाले । यसलाई कुनै शैक्षिक पृष्ठभूमिमा भन्दा पनि आन्दोलका रुपमा बढी केन्द्रित गरियो । परिणाम स्वरुप लैङ्गिक अवधारणाको विकास हुन सक्यो । महिलावादी सिद्धान्तको समग्र विकासक्रमको रुपरेखा हेर्दा त्यसलाई तीनवटा मूलधारमा केन्द्रित रहेर विकसित भएको देखिन्छ ।

१.	पहिलो धार

२.	दोस्रो धार

३.	तेस्रो धार

महिलावादी सिद्धान्तले विशेषगरी महिलाका बारेमा उनीहरुको आर्थिक, सामाजिक तथा राजनैतिक अवस्था के कस्तो छ ? महिलाको किन यस्तो अवस्था छ ? महिलाहरुबीचमा के कस्ता फरकहरु छन् ? भन्ने प्रश्नहरुको उत्तर प्राप्त गर्ने गरी अध्ययन अनुसन्धानलाई अघि बढाएको पाईन्छ । यस सिद्धान्तले महिलाको अवस्था कमजोर र असमान रहेको र यसको प्रकृति समाज अनुसार फरक फरक हुने र यस्तो लैङ्गिक असमानतालाई बुझ्न महिला र पुरुषबीचको शक्ति सम्बन्धलाई बुझ्न आवश्यक ठान्दछ । यसका लागि लैङ्गिक फरक स्थिति, असमानता, दमन र लैङ्गिक सम्बन्धलाई बुझ्नु पर्दछ भन्ने ठान्दछ (आचार्य, २०६७) ।

वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुषसरह अवसर उपभोग गर्न पाउनुपर्छ भनी देखापरेको आन्दोलन वा दर्शन नै महिलावाद हो । महिलावाद भन्ने अवधारणाको सुरुवाट अठारौँ शताब्दीदेखि नारीवादका पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढिरहेको पाउँछौ भने सन् १९८० देखिको नारीवादलाई आधुनिक अवधारणाको रुपमा हेरिएको पाइन्छ (श्रेष्ठ केशव र साथीहरु, २०६६) ।

समग्रमा महिलावाद भन्नाले एउटा त्यस्तो विचार हो जुन पुरुष र स्त्रीका विचमा असमानतालाई स्वीकार गर्दै नारीको सवलीकरणका प्रकृयालाई बौद्धिक क्रियात्मक रुपबाट प्रस्तुत गरिन्छ । त्यस्तै नारीवाद त्यस्तो सिद्धान्त हो जस अन्तर्गत असमानता र सबलीकरणको महिला र पुरुषबीचको समाजगत असमानतालाई नकार्नुपर्छ । यद्यपि महिलावाद सम्बन्धमा विभिन्न विभेद देखा परेका छन् । ती मध्ये प्रमुख नारीवादीहरुका दर्शनहरु निम्न प्रकारका छन् ।

| नारीवाद | | | | |
|---|---|---|---|---|
| उदारवादी नारीवाद | अतिवादी नारीवाद | मार्क्सवादी नारीवाद | समाजवादी नारीवाद | नारीवादमा तेस्रोधार |

१६ औ र १७ औ शताब्दीतिर उत्पत्ति भएको उदार नारीवाद महिला मुक्तिका लागि विचार प्रवाह गर्ने महत्त्वपूर्ण सम्प्रदाय हो । जसले महिला स्वतन्त्रता, समानता, विकास र

परिवर्तनलाई जोड दिन्छ । सामाजिक न्यायलाई समाजमा प्रतिस्थापित गराउनुपर्दछ भन्ने मान्यतालाई यसले जोड दिन्छ ।

मार्क्सवादले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्धलाई जोड दिन्छ । यसवादले सामाजिक नारी दमनका पक्षहरूलाई व्याख्या गर्छ । परिवारमा लैङ्गिक असमानताको कुरालाई झल्काउने Inter and Inter class का सम्बन्धमा यो सिद्धान्त केन्द्रित रहेको पाईन्छ । परिवार समाजमा महिलालाई निम्न वर्गमा राखिने हुनाले यिनिहरूको भूमिका, स्थिति, अवस्था न्युन रहेको पाईन्छ ।

नारीवादीको समाजवादी व्याख्या आमूल नारीवाद र मार्क्सवादी नारीवादको समिश्रणबाट जन्मेको नयाँ नारीवादी व्याख्या हो । यसले मूलतः लैङ्गिक दमन र वर्गको कुरालाई उजागर गर्छ । समाजवादी नारीवादले सामाजिक जीवनमा हुने शोषणका बारेमा विश्लेषण गर्छ । यसले बर्गीय असमानतालाई भन्दा समाजिक असमानतालाई जोड दिन्छ । त्यस्तै महिला आन्दोलनहरू वैचारिक तथा रणनीतिक पक्षका साथ अघि बढ्ने क्रममा सन् १९३० तिर महिलावादमा पहिलो धारको विकास भयो । यसले मूल रुपमा अमेरिकामा भएका महिला दासता, दमन र विभेदका विरुद्धमा पहिलो पटक आवाज उठाएको थियो । सन् १९६० को दशकमा महिलावादको दोश्रोधार विकाश भयो । यसले परिवर्तित सन्दर्भमा महिलाको अवस्था, उत्पादन प्रक्रियामा भएका विभेद तथा महिलाका सामर्थ्यका विभिन्न पक्षमा आवाज उठायो । यसैको निरन्तरता स्वरुप मूल रुपमा महिला दमनका चौतर्फी सम्भावनाहरूको खोजी गर्दै यो महिलावादी तेस्रोधार सन् १९८० को दशकसँगै विकाश भएको देखिन्छ ।

वस्तु र सेवाको असमान वितरणले गर्दा महिलाहरूको विचमा फरक पर्न गएको कुरा प्रस्ट्याउछ । तेस्रो धारले मूल रुपमा महिला दमनका अवस्थाहरूलाई बहु पक्षीय तरिकाबाट व्याख्या र विश्लेषण गर्न खोजेको छ । (आचार्य वलराम, २०६७)

नारीवादी लेखन र प्रकाशनको सुरुवात फ्रान्सेली युद्ध र अठारौं शताब्दीको अन्तदेखि प्रकाशनमा आएको थियो । त्यो समयमा महिला अधिकार, महिला आर्थिक कारोबारको महत्व र धर्मले महिलालाई होच्याएको वारे लेखिकाहरुले लेखेका थिए । त्यसको करिब दुई वर्ष अघि नै बाइबल जस्तो सशक्त नारीवादी पुस्तक देखि महिलाहरुले पुरुष पक्षीय विचार धारालाई चुनौति दिएका थिए । त्यतिबेला यस्तो धार्मिक ग्रन्थमा महिलाहरु शोषित, पीडित, दमित छन् भन्ने कुरा

उल्लेख थियो । सन् १८४८ मा पहिलो पटक न्युयोर्कमा महिला सम्मेलन भएको थियो । त्यसबेला देखि नै महिला संगठीत भएर दासत्व विरुद्धमा आन्दोलन सञ्चालन गरे । यसै सिलसिलामा भएको आन्दोलनलाई Women's Suffarace Movement भन्न सकिन्छ । यसपछि Fridan को Book "The feminine mystique" 1963 मा प्रकाशित भयो । यसमा लोग्ने र स्वास्नी दुबैको घरभित्रको अधिकार बराबर हो भन्ने मान्यता थियो । जसबाट केही चेतना ल्याउने काम भयो । उक्त किताबको मान्यतलाई सबैले स्वीकार गरेर महिलाको संगठन बनाउनुपर्ने महसुस गरेर सन् १९६६ मा NOW नामक संस्था Friden का अध्यक्षता मा Washington DC मा स्थापना भयो (श्रेष्ठ केशव र साथीहरु २०६६ ।

उन्नाइसौं शताब्दी शुरुमा युरोपमा ओद्योगिकरणको विस्तार सँगै महिलाहरुले कलकारखानामा काम गर्न थाले । त्यहाँ अमानवीय र असमानुपातिक तरिकाबाट काम लगाइएको विरुद्ध तथा भोट दिने अधिकार प्राप्तिका लागि महिलाहरुले संघर्ष शुरु गरे । महिलाहरुका बारेमा सर्वप्रथम महिलाहरुले नै आफ्ना कलमबाट आवाज उठाएका छन् । महिलावादी लेखन र महिलावादी सोचको लहर धेरै समयदेखि सशक्त रुपमा अगाडि आएको छ (श्रेष्ठ र साथीहरु २०६६) ।

महिलाका सम्बन्धमा WID, WAD र GAD जस्ता अवधारणाहरु पनि विकास भएका छन् । विकासमा महिला (WID) खास गरी अमेरीकी उदारवादी महिलाहले सन १९७० को दशकपछि अघि सारेको अवधारणा हो । महिलाको विद्यमान अवस्था सुधार ल्याउन महिलालाई विकास योजनाहरूमा सहभागी गराउनु, स्रोतहरू माथि महिलाहरूको पहुँच बढाउनु र महिला शिक्षा, स्वास्थ्यमा जोड दिनुपर्ने कुरालाई WID ले जोड दिन्छ । विशेषगरी विकास प्रक्रियामा महिलाहरूलाई एकिकृत गराउन सके महिलाहरूका समस्य धेरै जसो सवालमा समाधान हुने निष्कर्ष यस अवधारणको रहेको छ । त्यसै गरी  महिला र विकास (WAD) को अवधारणा सन् १९७० को दशकको उत्तरार्धमा विकास भएको हो भने सामाजिक लिङ्ग र विकास (GAD) को अवधारणा सन् १९८० को दशकमा WID र WAD को कमजोरी पक्षलाई सच्याउने क्रममा फराकिलो अवधारणा आएको हो । यस अवधारणाले आधुनिकीकरणको सिद्धान्तले आत्मसाथ गरेको विकासको प्रकृया जुन माथिवाट तलजाने संयन्त्रमा आधारित थियो, त्यसको विरुद्धमा तलवाट माथि जाने संयन्त्रलाई जोड दिन्छ । विशेषगरी समताउन्मुख सिद्धान्तमा आधारित छ ।

यसले समानता र समता दुवै पक्षलाई महत्व दिदै न्यायिक समताले लैङ्गिक विभेदको अन्त्य गर्न सक्दछ भन्ने मत राख्दछ । अर्कातिर कल्याणकारी अवधारणा तथा आधारभूत आवश्यकता परिपूर्ति र गरिबी उन्मुख अवधारणालाई पनि जोड दिन्छ ।

परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रुपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरू पर्दछन् बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिवेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्वहरू हुन् । सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई Physical Sexual/Psychological रुपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिन्छ भने त्यो महिला विरुद्धको हिंसा हो (बेइजिङ्ग सम्मेलनको घोषणा, १९९५) ।

UN (2006) का अनुसार विश्वभरिका महिलाहरु सामाजिक, आर्थिक, राजनैतिक तथा धार्मिक सत्ता वा भेदभावबाट शोषित छन् । महिला भएकै कारण उनीहरूले आज पनि विभेदको सामना गर्नु परेको छ र हिंसा पीडित भएर बस्नुपरेको छ । सन् १९९८ मा संयुक्त राष्ट्रसंघले मुख्य रूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिला विरुद्धका हिंसा अन्त्य गर्न सक्रियता वढाउने र लैङ्गिक समानताका लागि अग्रसर गराउन सिद्धान्तमा एकमत भएको छ । अन्तर्राष्ट्रिय सन्धि पत्र, Convention on the Elimination of all forms of Discrimination Against Woman (CEDAW) को एउटा Optional protocol लाई संयुक्त राष्ट्रसंघले ६ अक्टोवर, १९९६ को साधारणसभाले पारित गऱ्यो र अनुमोदनका लागि खुल्ला राखिएको छ ।

मार्क्सवादी महिलावादका अनुसार महिलामाथिको दमन, अत्याचार तथा शोषण खास गरी पितृसत्ता र पुँजिवादी संरचना बाट भएको हो । सम्पतिमाथि व्यक्तिगत स्वामित्व, समाजमा छोराको महत्व तथा पितृसत्तात्मक परिवारमा पैत्रिक सम्पतिको हस्तान्तरणले लैङ्गिक विभेद सिर्जना गरेको छ । साथै वर्गीय समाजको स्वरूप उत्पति भएदेखि लैङ्गिक विभेद देखिएको हो । त्यसैले सर्वप्रथम वर्गीय समाजको विनास पछि मात्र लैङ्गिक समानता कायम हुन सक्छ भन्ने धारणा रहेको छ ।

## २.२ महिला सशक्तिकरण

महिला सशक्तिकरण भन्नाले महिलाहरुमा अन्तर्निहित सामर्थ्यको बोध हुन गई उनीहरुभित्र लुकेको ज्ञान, सीप र क्षमतालाई जनसमक्ष ल्याई विकास प्रकृयामा पुरुष सरह समान रुपमा सहयोगी भई आफ्नो हक हित र अधिकारका लागि समाजमा विद्यमान कुरीति र भेदभावविरुद्ध लड्न सक्ने क्षमताको विकास नै महिला सशक्तिकरण हो । महिला सशक्तिकरण महिलाहरुको सामाजिक, आर्थिक, राजनीतिक समस्यासँग सम्बन्धित रहेको पाइन्छ । सशक्तिकरण प्रक्रियाले गर्दा विपन्न वर्ग र महिलाहरुको सामाजिक, आर्थिक र राजनीतिक समस्यासँग सम्बन्धित रहेको पाइन्छ । सशक्तिकरण प्रक्रियाले गर्दा विपन्न वर्ग र महिलाहरुको सामाजिक संरचनामा रहेको शोषणका बारेमा प्रश्न उठ्न सक्छ । यस प्रकृयाले पुरुषहरुलाई पनि परिवारको पालनपोषणमा म मात्र जिम्मेवार छु भन्ने मानसिकता हट्छ । अर्कोकुरा महिला हिंसा र शोषणमा कमी आउँछ । लैङ्गिक विश्लेषणका क्रममा सशक्तिकरणको मूल उद्देश्य सम विकासको लक्ष्य प्राप्त गर्नु हो । विकास प्रक्रियामा पुरुषको स्थितिमा महिलाहरुलाई पुर्‍याउनका निम्ति महिलाहरुलाई समक्षम बनाउनु पर्दछ अनि उत्पादन प्रक्रिया वा स्रोत साधनमा दुबैको समाज नियन्त्रण हुनुपर्दछ भन्ने कुरालाई जोड दिन्छ (लैङ्गिक अध्ययन २०६८) ।

सशक्तिकरणको उपागम Sara Hlupekeli Longue द्वारा प्रतिपादन गरिएको हो । यो उपागम Longue Approach का रुपमा पनि परिचित छ । Gender and Development को सम्बन्धमा केन्द्रित यस लैङ्गिक विश्लेषण ढाँचालाई UNICEF ले पनि अपनाउँदै आएको छ । यस विश्लेषणका अनुसार कुनै पनि संस्थाको काम र उद्देश्य उत्पादनमुखी हुनुभन्दा बढी समानतामुखी हुनुपर्दछ । समानता बिनाको उत्पादन वृद्धिले विकास होइन विभेद र विनाशको खाडल फराकिलो र गहिरो बनाउँदै जान्छ । समाजका कुनै पनि संस्थामा विभेद र फराकिलो दूरी असमानता कायम हुँदै जानु मानव विकासका लागि बिडम्बना र खतरा हो । यिनै दूरी र असमानताको अन्त्य गर्न सशक्तिकरण अपनाइन्छ । Sara Longue ले सशक्तिकरणको विश्लेषण गर्ने क्रममा सशक्तीकरण र समानताका सम्बन्धमा चर्चा गरेकी छन् । उनका अनुसार महिला सशक्तिकरण भन्नाले पुरुषसरह विकासका कार्यक्रमहरु समान स्तर र सहभागी हुन पाउनु अनि स्रोत र साधनमा समान नियन्त्रण र प्रतिफल प्राप्त गनु हो (अर्याल, शिवहरी २०६८) ।

Sara Langue का अन्सार

"Empowerment is a process of enabling people to take change to their won lives and escape from poverty whilch arises root from lack of productivity but from operession and exploitation".

Kellor and Mbwebe का अनुसार

"Empowerment is a process where by women became able to organize themselves to increase their own selfreliance, to assert their independent right to make choice and control resources which will assist in challenging and eliminationg their won subordination".

यी भनाइहरुबाट के बुझिन्छ भने कुनै व्यक्ति तथा समुदायलाई शक्तिवान बनाउनु नै सशक्तिकरण हो । यसले लैङ्गिक अध्ययनका सम्बन्धमा अशक्त, पछि परेका महिला, सामाजिक साँस्कृतिक रुपमा दबाइएका तथा शोषित महिलाहरुलाई क्षमतावान बनाई अवसर र अधिकार प्राप्त गर्न सक्ने बनाउनु महिला सशक्तिकरण हो (आचार्य,बलराम २०६७) ।

महिला सशक्तिकरणको लागि संयुक्त राष्ट्र वडापत्र र दस्तावेजहरुमा जस्तै नैरोवी अग्रदर्शी कार्यनीति (१९८५), महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मूल गर्ने राष्ट्रसंघीय महासन्धि जकार्ताघोषणा (१९९४), बेइजिङ्ग घोषणा (१९९५), आदिमा पनि नेपालले हस्ताक्षर गरी आफ्नो प्रतिवद्धता दर्शाइसकेको छ । त्यस्तै नवौं पञ्चवर्षीय योजनामा पनि महिला विकासमा जोड दिएको छ । महिला विकासको सन्दर्भमा राष्ट्रिय महिला आयोग गठन गरिएको छ । महिला विकास सम्बन्धी सरकारी क्षेत्रबाट पनि विभिन्न प्रयासको थालनी भएको पाइन्छ । नेपाल सरकारको महिला विकास नीतिलाई कार्यान्वयन गर्न केही मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोग अन्तर्गत महिला विकास इकाई शाखा/महाशाखाहरु स्थापना गरिएका थिए ( चन्द, राजन २०६८) ।

समग्र भनाइ र विचारहरुबाट के बुझिन्छ भने कुनै व्यक्ति वा समुदायलाई शक्तिवान बनाउनु नै सशक्तिकरण हो । समुदायमा महिलालाई प्रत्येक कार्य गर्न सक्ने बनाउन थालिने सबलीकरणका प्रक्रियालाई महिला सशक्तिकरण भनिन्छ । महिला सशक्तिकरणले महिलालाई आत्मविश्वासी बनाउँछ । आफूसँग भएका क्षमताको प्रयोग गर्न सक्ने हैसियतमा पुऱ्याउँछ ।

## २.३ नेपालमा महिलाको सामाजिक साँस्कृति स्थिति

महिला हिंसा अन्तर्गत पनि अधिकांश महिलाहरु आफ्ना घर परिवार भित्र श्रीमान तथा अन्य सदस्यहरुवाट पीडित छन् । जसलाई घरेलु हिंसा भन्ने गरिएको छ । दाईजो नल्याएको, छोरा पाउन नसकेको, चरित्र राम्रो नभएको जस्तो आरोप लगाउदै श्रीमान तथा उसका परिवारको सदस्यहरुले पत्नी र वुहारी प्रति गरिने व्यवहार अतिनै अमानवीय रहदै आएको पाइन्छ । श्रीमानले वहुविवाह गरेर अघिल्ली श्रीमति तथा सन्तान प्रतिको जिम्वेवारी पुरा नगर्ने र कतिपय अवस्थामा घरवाट निकालिदिने अवस्थाका साथै महिलाहरु वैवाहिक वलात्कारवाट पनि उत्तिकै सताइएका छन् । जस्तै सामाजिक तहमा हुने विभिन्न खालका हिंसावाट पनि महिलाहरु उत्तिकै पीडित हुने गरेका छन् । काम काजमा रहेका महिला विरुद्ध विभिन्न किसिमका टिप्पणी गरेर गरिने चरित्र हत्या र सार्वजनिक स्थल तथा सवारी यात्रामा गरिने दुर्व्यवहार एवं अपशव्दको प्रयोग सार्वजनिक ठाउँमा हुने हिंसा जन्य व्यवहार व्यापक रुपले हुने भएकाले सामाजिक तहमा भने यस्ता घटनालाई सामान्य रुपमा मात्र हेरिने गरिएको छ । पछिल्लो समयमा महिला तथा वालवालिका माथि हुने वलात्कारका घटना असमान्य ढंगवाट वृद्धि भइरहेका छन् । कतिपय वलात्कारको घटनामा वलात्कार पछि पीडित हत्या समेत हुने गरेको छ । वोक्सीको आरोपमा असहाय महिलाहरु मारिने देखि लिएर हदै सम्मको तिरस्कृत व्यवहार सहन वाध्य छन् । त्यसै प्रथा र परम्पराका नाममा व्यक्तिगत स्वतन्त्रता एवं अधिकारवाट वन्चित हुदै कुनै पनि महिलाहरु देउकी र भुमाको जीवन जिइ रहेका छन् भने नेपालको पश्चिमी भेगमा कायम छाउपडी प्रथाका कारण महिलाहरु अहिले सम्म पनि कुन तहको जीवन वाचिरहेका छन् भने प्रश्न खडा भएका छन् । जुन व्यवसाय सर्कश लगायत विभिन्न प्रयोजनका लागि भारत तथा खाडी मुलुकहरुमा वर्षेनी लगभग पाँचहजार महिला तथा वालवालिका वेचिने तथ्यांक सार्वजनिक हुदै आएको छ । त्यस्तै रोजगारीका लागि खाडी लगायत विभिन्न देश पुगेर घरेलु श्रमिकका रुपमा काम गर्ने महिलाहरुको शोषण एवं अत्याचार पनि वेला वेलामा सार्वजनिक हुने गरेको छ ।

त्यसैगरी  वैदिक कालीन समयमा हाम्रो देशमा महिलाको अवस्था, भूमिका र स्थान उच्च रहेको कुरा ऐतिहासिक ग्रन्थहरुबाट थाहा पाउन सकिन्छ । मध्यकालीन नेपालको इतिहास अध्ययन गर्दा अत्यन्तै दयनीय तथा पीडादायक पाइन्छ । त्यसबेला धर्मका नाममा महिलाका

अधिकारहरु कटौती, महिलालाई केन्द्रित गरी कुप्रथाको विकास र समर्थन भएको पाइन्छ । मध्यकालीन समयबाट महिलालाई शिक्षा, वैवाहिक स्वतन्त्रता, आर्थिक स्वतन्त्रता जस्ता विषयमा बन्देज गरिन थालियो । आधुनिक कालसँगै महिला माथिका शोषणको उत्कर्षता  केही हदसम्म न्यून हुँदै गएका पाइन्छन् । यस समयमा नेपाली महिलाको हैसियत र अवस्थामा त्यति ठूलो परिवर्तन नभए पनि केही हदसम्म सुधारोन्मुख पाइन्छ ।

हाम्रो पूर्व आार्य आचार्यहरुले महिलाको प्रकृति हेरेर अवलापन, कोमलता, भावुकता थोरै कारणमा हाँस्नु र रुनु, मस्तिष्कबाट चिन्तन नगरी हृदयपक्षबाट मात्र काम र निर्णय गर्नुका आधारमा महिलाहरुलाई ठूला ठूला तप, साधना, योगभ्यास, सन्यासग्रहण र सेनामा भर्ति हुने जस्ता कामहरु निषेध गर्दै गए (आर्यस्मृति) यस किसिमका श्रम विभाजनबाट महिलाहरु क्रमशः कमजोर बन्दै स्वहैसियत गुमाउँदै गए भने पुरुषहरुले समाजमा पुरुषार्थ र पुरुषत्व देखाउन सके । यस किसिमबाट समाजमा बेग्लावेग्लै भूमिका निर्वाह गर्दै जाँदा लैङ्गिक असमानताको स्थिति सृजना भएको पाइन्छ ।

नेपालमा महिलाको स्थान पुरुषको तुलनामा निम्न छ, असमान छ । इतिहासदेखि नेपाल महिलामा विभिनन पक्षबाट शोषित र पीडित हुँदै आएका छन् । विभिन्न कुसंस्कार र बेथितिको शिकार बन्दै आएका छन् । आर्थिक, राजनीतिक, सामाजिक आदि क्षेत्रको मूल प्रवाहबाट बाहिर रहेका छन् । पितृसत्तात्मक सोचका कारण आज महिला दमित भएर बाँच्नु परेको अवस्था छ । दाइजो, देउकी, कम्लरी, छाउपडी प्रथा, बोक्सीको आरोपबाट महिलाहरुले भोग्नुपर्ने शारीरिक र मानसिक अवस्था विभेदभूलक सामाजिक संरचनाकै उपज हुन् । यसरी महिला अनगिन्ती पीडा र क्रन्दनबाट पिल्सिएका, पीडित र प्रताडित भएका देखिन्छन् । त्यस्तै बालबाविवाह, अनमेल विवाह, चेलीवेटी बेचविखन जस्ता असामाजिक क्रियाकलापबाट महिला जीवन व्यति सुदख देखिँदैन । महिलालाई देवीको प्रतीक मान्ने समाजले उनीहरुलाई दोस्रो दर्जाको नागरिक सरह व्यवहार गरेको छ

नेपाल मूलतः हिन्दू धर्म प्रभावित देश हो । हिन्दू धर्मले महिलालाई जस्तोसुकै हैसियत दिएपनि धर्ममा आधारित मान्यताले भने महिलाको स्थान र हैसियतलाई न्यून बनाएको छ । हिन्दू समाजका कठोर जातीय मान्यता र संस्कारगत मान्यताले महिलाहरुलाई पुरुषप्रति निर्भर, समर्पित तथा अनुग्रहीत रहेको देखिन्छ । पुरुषको भलाई प्रगति र उन्नतिका लागि महिलाहरु

श्रीमतीका रुपमा उपासना, आराधना, भक्ति जस्ता कार्य गर्ने गरिन्छ । विशेष गरी छोराप्रतिको मोहका कारण विभेदकारी दृष्टिकोणको सृजना हुन गई समाजमा महिलाको छुट्टै पहिचान र परिचय कायम हुन नसकेको देखिन्छ । समाजमा प्रचलित संस्कार, चाडपर्व, मेला, जन्म-मुत्यु संस्कार जस्ता कार्यमा पुरुषको भूमिका पहिलो हुन्छ । पुरुषविना त्यस्ता कार्य सम्पन्न गन समेत सकिएको हुँदैन । यही मान्यताबाट निर्देशित नेपाली महिलाहरुले पुरुषको भूमिकालाई सहजरुपले स्वीकारेको देखिन्छ । यसरी हेर्दा सामाजिक सांस्कृतिक पक्षमा महिलाको भूमिका कमजोर देखिन्छ । गलत मान्यता र प्रभावका कारण महिलाको स्थिति कमजोर बनेको हो । यही मान्यताका कारण महिलाको शैक्षिक, आर्थिक, राजनैतिक अवस्थामा समेत नकारात्मक प्रभाव परेको छ । नेपाली समाजमा महिला सामाजीकरणको गलत प्रक्रियाले पनि महिलाको अवस्थामा सकारात्मक परिवर्तन आउन सकेको छैन् । जस्तै 'छोरी अर्काको घरमा जाने जात हो', 'जति पढे पनि वच्चा जन्माउनु पर्छ', छोरीको कमाइको के आस', 'चुलो चौकी बिनाको नारीको अस्तित्व छैन', जस्ता यता अनुरुप महिला व्यक्तित्व निर्माण भएको हुन्छ । जसले विभेदको स्थिति सिर्जना गराएको छ । यस्ता कार्यहरुले महिलाहरुलाई मनोवैज्ञानिक रुपमा कमजोर बनाएको पाइन्छ । छोरा र छोरीका लागि सिकाइने विभेदपूर्ण व्यवहार नै लैङ्गिक असमानताको कारण बनेको हुन्छ

प्रसिद्ध समाजशास्त्री Lynn Benet ले आफ्नो अनुसन्धानात्मक पुस्तक "Dangerous Wives and Sacred Sister M Social and Symbolic rols of high cast women in Nepal" मा पनि आमाको रुपमा सामाजिक सांस्कृति रुपले महिलालाई उच्च सम्मान तर श्रीमती वा बुहारीको रुपमा अपमानित तथा कष्टप्रद जीवन, लोग्नेको दासीको रुपमा बस्नुपर्ने धार्मिक सांस्कृतिक मान्यता रहेको कुरा उल्लेख गरिएको छ । जसमा यसै प्रसङ्गलाई उजागर गर्दै कुमारीलाई पवित्रता तथा शुद्धता संग जोडेर हेरिन्छ भने सन्तान उत्पादन गर्ने कार्यमा संलग्नतालाई pollution सँग जोडिएको छ । महिलाहरुमा उमेर बढ्दै जाँदा Pollution/sexuality बढ्दै जान्छ भन्ने यस किताबमा उल्लेखित छ । महिलालाई हिन्दु धर्म र दर्शनमा आधारित नेपाली समाजले शक्ति र प्रकृतिको रुपमा हेरेको छ । Bennet का अनुसार माइतीमा महिलाहरुको हैसियत पवित्र दिदीबहिनीको रुपमा रहेको हुन्छ । जब महिलाहरु विवाह भइसकेपछि श्रीमानको घर जान्छन् त्यहाँ उनीहरुको हैसियत पुरुषको भन्दा न्यून हुन्छ ।

श्रीमती, बुहारीको हैसियत सामाजिक तथा साँस्कृतिक कार्यमा निम्न रहन्छ । बुहारी वा श्रीमतीलाई अपवित्रताको रुपमा लिइन्छ । उनीहरु खतरनाक मानिन्छन् । पुरुषको घरमा महिलाको हैसियत निम्न हुनेछ भन्ने कुरालाई लेखिकाले Partifiocal model (Affinal relation) का माध्यमबाट व्याख्या गरेकी छिन् ।

नेपाली समाजमा महिलालाई हेर्ने दृष्टिकोण कस्तो रहेको छ भन्ने कुरा तलका उखानबाट प्रष्ट हुन्छ ।

छोराको नाता हाडको छोरीको नाता पातको

फूलको गन्ध डाँडावारी छोरीको गन्ध डाँडापारी

ढिलै होस् छोरै होस्

पोथी बासेको घर राम्रो हुँदैन

छोरा पाए फुरुक्क, छोरी पाए, हुरुक्क

स्वास्नी मान्छेको रुद्रघण्टी हुदैन

छोरो पाए खसी, छोरी पाए फर्सी

आइमाको बुद्धि घुच्चुकमा

छोरी त दुई दिनका पाहुना

पुरुष शिर नारी पाउ

पुरुष शरीर नारी उसको छाया

नेपालमा महिलाको सामाजिक सांस्कृतिक अवस्था न्यून रहेकाले नै उनीहरु माथिको शिक्षा प्रभावित भएको हो ।

## २.४ महिला र हिंसा

नेपाल जनसंख्याको स्थिति हेर्दा कुल जनसंख्याको आधा भन्दा बढि महिलाहरु रहेका छन् । यो स्थिति केही दशक पहिले देखि नै रहिआएको छ । २०४८ सालको जनगणना अनुसार ५१.१% महिला जनसंख्या रहेको छ । २०५८को जनगणना अनुसार ५०.१३ % महिला जनसंख्या रहेको छ । त्यस्तै २०६८ सालको जनगणना अनुसार ५१.५० % महिला जनसंख्या रहेको छ । यसरी संख्यात्मक रुपमा अधिक भएपनि समग्र अवस्था भने महिलाहरुको उपहेलित छ । महिला

हिंसा विरुद्धका नारा र प्रावधानले महिला हिंसा विरुद्धको अनुभूति दिएपनि अन्त्य भने गर्न सकेको छैन् ।

समाजमा परम्परादेखि चल्दै आएका बोक्सी प्रथा, बहुविवाह, देह व्यापारमा लगाइनु, जवर्जस्ती करणी, कुटपिट र अङ्गभङ्ग गर्नु, श्रम शोषण गर्नु, अवसरबाट वञ्चित गर्नु, सामाजिक वा पारिवारिक बहिष्कार गर्नु, आहार विहारमा भेदभाव गर्नु, मानसिक डरत्रास देखाउनु आदि सबै हिँसाहरु हुन् । हाम्रो साजमा हामीले देखिरहेका बोक्सी प्रथा, वादी प्रथा, कुमारी प्रथा, दाइजोप्रथा, कतिपय समाजमा कायम रहेका बालिका शिशुको हत्या गर्ने प्रथा सबै महिला हिंसाकै रुप हुन् ।

संयुक्त राष्ट्रसंघको घोषणापत्र अनुसार “महिला माथि गरिने हिंसा भन्नाले नीजि वा सार्वजनिक जीवनमा देखिने लैङ्गिक विभेदमा आधारित त्यस्ता क्रियाकलापहरू जसले महिलालाई शारीरिक, यौनिक, मनोवैज्ञानिक रुपमा नोक्सान पुऱ्याउने र दुःख दिने हुन्छ । यसमा धम्की दिने, त्रास देखाउने, बलपूर्वक महिलाको स्वतन्त्रता हनन गर्ने जस्ता कार्यहरु पनि समावेश हुन सक्छन् ।”

नेपालमा महिला विरुद्धका विभिन्न हिंसाहरु जस्तै यौन दुर्व्यवहार, यातना, बेचविखन, हाडनाता करणी, यौनजन्य अपराध, दाइजो र दुलहीको मोलतोल, घरेलु हिँसा, महिलामाथि हातपात, कुटपिट, वैवाहि बलात्कार, भ्रूणहत्या, बालविवाह, बहुपत्नी प्रथा, वादी प्रथा, बोक्सी आरोप, गाली गलौज, लैङ्गिक विभेद प्रमुख हुन् । यी मध्ये घरेलु हिंसा र यौन व्यापारका लागि बालिका तथा महिलाहरुलाई वेश्यावृत्तिका लागि बेचविखन गर्ने सामाजिक हिंसा सबैभन्दा निरीह ठहराईएको छ ।

महिला हिँसा विरुद्ध विभिन्न ऐन नियम बने पनि विभिन्न कारणले प्रभावकारी रुपमा कार्यन्वयन हुन सकेको छैन । बालविवाह, बहुविवाह र अनमेल विवाह रोक्नका निम्ति विभिन्न दण्डको व्यवस्था गरिए पनि उक्त दण्ड निकै कम र फितलो देखिन्छ । प्रत्येक हप्ता विभिन्न ठाउँमा बोक्सकिो आरोप लागाई असहाय गरिब र तलको जातमा महिलालाई कृटपिट र अभद्र व्यवहार गरिन्छ । महिलाहरु बिरामी हुँदा परिवारमा पुरुषको उच्च प्रभाव हुँदा आफ्नो इच्छाअनुसार काम नभए वा आफ्नो स्वार्थ पूरा नहुने देखेमा महिलाहरुलाई अनेक तरिकाबाट यातना दिइन्छ ।

## अध्याय-तीन

# अनुसन्धान पद्धति

अनुसन्धान गर्दा सूचना सङ्कलन गर्नको लागि विभिन्न प्रकारका अनुसन्धान पद्धतिहरूलाई कसरी प्रयोग गर्ने भन्ने कुराको वर्णन यस अध्ययनमा गरिएको छ । विभिन्न प्रकारका आवश्यक र उपयोगी अनुसन्धान विधिहरु अपनाउदै अध्ययनकर्ताले वि.सं २०७० चैत्र, महिनामा तथ्यांकहरू सङ्कलन गरेको थियो । विशेष गरी अध्ययनलाई बढी भन्दा बढी वैज्ञानिक, विश्वासनीय र भरपर्दो वनाउनका लागि अध्ययन अवधिमा निम्न अनुसन्धान पद्धतिलाई अपनाइएको छ । यो अध्यायमा क्रमशः अध्ययन क्षेत्रको छनौटको औचित्य, अनुसन्धान खाका, नमुना छनौट प्रक्रिया, तथ्याङ्कको प्रकृति तथा स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्कको विश्लेषण, व्याख्या र विवरणहरुलाई उल्लेख गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य

कुनै पनि अनुसन्धान कार्यलाई मूर्त रुप दिनका लागि सर्वप्रथम अनुसन्धान गर्न उपयुक्त क्षेत्रको आवश्यकता पर्दछ । विभिन्न प्रकारका आवश्यक र उपयोगी अनुसन्धान विधिहरु अपनाउदै अध्ययनकर्ताले वि.सं २०७० चैत्र, महिनामा तथ्यांकहरू सङ्कलन गरेको थियो । विशेष गरी अध्ययनलाई बढी भन्दा बढी वैज्ञानिक, विश्वसनीय र भरपर्दो वनाउनका लागि अध्ययन अवधिमा निम्न अनुसन्धान पद्धतिलाई अपनाइएको छ । यो अध्यायमा क्रमशः अध्ययन क्षेत्रको छनौटको औचित्य, अनुसन्धान खाका, नमुना छनौट प्रक्रिया, तथ्याङ्कको प्रकृति तथा स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि तथा तथ्याङ्कको विश्लेषण, व्याख्या र विवरणहरुलाई उल्लेख गरिएको छ । प्रस्तुत अध्ययनको क्षेत्र सिन्धुली जिल्लाको अरुणठाकुर गाउँ विकास समिति रहेको छ ।

**यस गाविसलाई अध्ययन क्षेत्रको रुपमा छनौट गर्नुको प्रमुख उद्देश्यहरु निम्न प्रकारका छन् ।**

- यस गाविस अध्ययन कर्ता आफै कार्यरत गाविस तथा अध्ययन कर्ताको स्थायी वसोवास भएको गाविस भएको हुनाले ।
- यस गाविसका मगर महिलाहरुको बारेमा कुनै प्रभावकारी अध्ययन अनुसन्धान नभएकाले ।
- यस गाविसका महिलाहरुको शैक्षिक र सामाजिक पक्षको वास्तविकता पत्ता लगाई महिलाहरु हिंसावाट पिडित हुने कारण पत्ता लगाउन ।
- कमजोर आर्थिक अवस्था  र यसवाट हुनसक्ने महिला हिंसाको सम्वन्धको वारेमा अध्ययन गर्न ।

## ३.२ अध्ययनको ढाँचा

यस अध्ययन कार्यमा अधिकांश रुपले वर्णनात्मक विधिको प्रयोग गरिएको भएपनि तथ्यांक संकलन विश्लेषण तथा प्रस्तुतिको क्रममा संख्यात्मक रुपमा टेबल, चार्ट प्रयोग गरिने परिणात्मक विधि आंशिक रुपमा प्रयोग गरिने भएकाले यो अध्ययन मिश्रित अनुसन्धान विधि अर्थात परिणात्मक र गुणात्मकको संयुक्त रुप हुने छ ।

## ३.३ तथ्यांकको स्रोत र प्रकृति

यस अध्ययनका लागि निम्न दुई किसिमका स्रोतबाट तथ्याङ्क संकलन गरिएको हुनेछ ।

### ३.३.१ प्राथमिक श्रोत

अरुणठाकुर गाविसका मगर महिलाहरुसंग अन्तरर्वाता र अवलोकनका आधारमा प्राप्त सूचनाका आधारमा तथ्यांक संकलन गरिनेछ ।

### ३.३.२ सहायक स्रोत

महिला हिंसा सम्बन्धि गरिएको अध्ययन अनुसन्धान, प्रतिवेदन, लेख, रचना, बुलेटिन, राष्ट्रिय महिला आयोगले गरेको सर्वेक्षण प्रतिवेदलन, तथ्याङ्क रिपोर्ट, राष्ट्रिय जनगणना २०६८ को तथ्यांकबाट संकलित सूचनाहरुलाई लिइने छ ।

## ३.४ समग्रता र नमुना छनौट

यस अध्ययनमा अरुणठाकुर गाविसमा बसोबास गर्ने जातजाति तथा क्षेत्रलाई समग्रमा लिइएको छ । उक्त गाविसका ९ वटा वडाहरुमा कुल १,०४३ घरधुरी र ६,६५३ जनसंख्या रहेका छन् (गाविस सर्वेक्षण, २०६७) । नमुना छनौटका लागि शोधकर्ताको चाहना अनुरुप वडागत हिसाबले गाविसको ९ ओटै वडाहरुलाई छानीएको छ जहाँ भएका १,०४३ घरधुरी मध्ये मगर जातिको ३०३ घरधुरीलाई अध्ययानका लागि छानिएको छ । छानिएका ३०३ घरधुरीहरु सबै मगरसमुदायका मात्र रहेका छन् । उत्तरदाताको रुपमा १६ वर्षदेखि ७५ वर्ष उमेर समूहका मगर महिलाहरुलाई मात्र समेटिएको छ । यो उमेर समूहका महिलाहरुमा हुने घरेलु हिंसाको अवस्था र यसका कारणहरुका बारेमा समग्र अध्ययन गर्ने उदेश्य भए पनि उदेश्यपूर्ण नमुना विधि (Purposive Sampling Method) अपनाई मगर जाति घरधुरी उत्तरदाताहरुलाई मात्र छानिएको हो । घरधुरी उत्तरदाता छान्दा सर्वप्रथम छनौटमा परेका गाविस भरिका सम्पूर्ण घरधुरीहरुको लिष्ट संकलन गरी मगर जातिका ३०३ घरधुरीलाई छनौट गरी घरको एकजना मगर महिलाहरुलाई उत्तरदाताको रुपमा लिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु

तथ्याङ्क संकलनका लागि निम्न दुई किसिमका विधिहरु अपनाइने छ ।

### ३.५.१ प्राथमिक तथ्याङ्क संकलनका विधिहरु

प्राथमिक स्रोतबाट तथ्याङ्कहरु सङ्कलन गर्दा शोधकार्य विश्वसनीय हुने हुँदा यस शोधकार्यमा पनि प्राथमिक तथ्यांक संकलन विधिलाई प्रमुख स्थान दिइएको छ । यस शोधकार्यमा प्राथमिक तथ्याङ्क संकलन विधि अपनाउनुको अर्को कारण यहाका महिलाहरुमाथि हुने हिंसाको अवस्था र सामाजिक तथा शैक्षिक अवस्थाको वारेमा समाजशास्त्रीय अध्ययन यहाँको लागि पहिलो भएकाले सहायक तथ्याङ्कहरुको अभाव छ । त्यसैले प्राथमिक तथ्याङ्क संकलन विधिको प्रयोग बढी मात्रामा गरिएको छ । प्राथमिक तथ्यहरुको संकलनका लागि यहाँ अवलोकन, अन्तर्वार्ता र अनुसूचि विधिलाई सहयोगी बनाइएको छ । यी विधिद्वारा धारणा, मनोवृत्ति र वास्तविकता बुझ्नका लागि सहयोग मिलेको छ । यस अध्ययन कार्यका प्राथमिक तथ्याङ्क संकलनमा निम्न विधिहरु अपनाइएको छ ।

## क. अवलोकन

अनुसन्धान कार्य अन्तर्गत यस विधिमा गाविस भित्र रहेका विभिन्न वस्तिहरुको अवलोकन गरियो । अवलोकनको क्रममा वडा नं १ निवासी धन वहादुर मगरको छोरी उमाकुमारी मगर कक्षा ५ मा अध्ययन गर्दा गर्दै आफ्नो वावुको कर कापमा परी वाल्य अवस्थामा नै विवाह भएको पाईयो । यसका साथै वडा नं ९ मा मानवहादुर मगरले छोरा पाउने आसमा ७ वहिनी छोरीहरुको जन्म दिईएको पाइयो । यसका साथै अरुणठाकुर गाविसका मगर महिलाहरुको हिंसाको स्थिति, पारिवारिक स्थिति, रहनसहन, पेशा, शिक्षा, चाडपर्व, सँग सम्वन्धित कुराहरुको वारेमा अवलोकन गरियो ।

## ख. अन्तर्वार्ता विधि

प्राथमिक तथ्याङ्क संकलन गर्दा उपयुक्त र विश्वसनीय मानिने अन्तर्वार्ता विधिको प्रयोग यस अनुसन्धानमा गरिएको छ । कुनै पनि अनुसन्धान कार्य गर्दा शोधकर्ताले यथार्थ तथ्य र सही जानकारी हासिल गर्नका लागि व्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट गरी आपसी छलफल र कुराकानी गर्नु आवश्यक हुन्छ । यसका लागि अध्ययनसँग सम्बन्धित प्रश्नहरु सरल एवं स्पष्ट भाषामा पहिले नै तयार गरिएको छ । अनुसूचिको प्रयोग गरी हिंसा, पेशा, धर्म, परिवार, विवाह, शिक्षा, स्वास्थ्य परिवारको आकार, प्रकार, जमिनको स्वामित्व, कृषि, आम्दानी खर्च लगायतका अन्य महिलासँग सम्बन्धित प्रश्नहरु राखी तथ्याङ्क संकलन गरिएको छ । छनौट गरिएका महिलाहरुलाई भेटी अनुसूचीमा राखिएका प्रश्नहर सोधी आएका जवाफलाई प्रस्तुत गरिएको छ ।

यस अनुसन्धान कार्यमा अनुसन्धान कर्ताले अरुणठाकुर गाविसका मगर महिलाहरुलाई भेटी उनीहरुलाई प्रश्नावलीका आधारमा सोधपुछ गरी जानकारी लिईएको छ । अनुसन्धानका क्रममा अन्तर्वार्ताको लागि विशेष गरी दुई किसिमका प्रश्नहरु सोधिएका छन् । पहिलो किसिमका प्रश्नहरु उत्तरदाताको सामान्य परिचय, परिवारिक विवरणसँग सम्बन्धित रहेका छन् भने दोस्रो किसिमका प्रश्नहरु महिलामाथि हुने हिंसा, उनिहरुको पृष्ठभूमि, उनीहरुमाथि हुने हिंसाका कारणहरु, हिंसाप्रति उनीहरुको धारणा संग सम्बन्धित छन् ।

### ग. समुह छलफल विधि

अनुसन्धान कार्यका विभिन्न विधिहरु मध्ये समुह छलफल विधि एउटा महत्वपूर्ण विधि हो । यस विधिवाट अनुसन्धान कर्ताले अध्ययन विषय वस्तुसँग सम्वन्धित विविध समस्याहरुलाई केलाउन यस विधिको प्रयोग गरिएको छ । यस विधिको प्रयोग अनुसन्धान कर्ताले १६ देखि ७५ वर्ष उमेर समुहका ३० मगर महिलाहरुलाई वडा नं ४ ठाकुरदमारमा जम्मा गरी विभिन्न समस्याहरुसँग सम्वन्धित भएर छलफल गरियो । यसरी छलफल गर्दा वडा नं ६ निवासी ५२ वर्षीय महिला मन्जुकुमारी मगर यस गाविसमा प्रायजसो पुरुषहरु जाँड रक्सी सेवन गरी घरमा काम गरेर वसेका महिलाहरुलाई कुटपिट गर्ने गरेको वताउनु हुन्छ । त्यस्तै वडा नं १ निवासी गान्धीमा मगरले यस गाविसमा यस गाविसमा अधिकांस महिलाहरुको उमेर नपुगी विवाह हुने गरेको र त्यसवाट उनिहरुले यौनजन्य हिंसा खप्नु परेको वताउनु हुन्छ । यस्तै खालका विविध समस्याहरुका वारेमा समुह छलफल गरियो ।

### ४.५.२ द्वितीय तथ्याङ्क संकलनका विधिहरु

यो शोधपत्रको उद्देश्य पूरा गर्नका लागि प्राथमिक तथ्याङ्कका अतिरिक्त द्वितीय तथ्याङ्कको पनि महत्वपूणृ भूमिका रहेको हन्छ । उक्त अध्ययनलाई उद्देश्यपूर्ण बनाउनका लागि प्राथमिक स्रोतमा नआएका तथ्यांकहरु द्वितीय स्रोतमा पाउन सकिन्छ । द्वितीय तथ्यांकलाई यहाँ सहयोगी तथ्याङ्कका रुपमा मात्र लिइएको छ । जसमा विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरुले लेखेका लेख, पुस्तक, प्रतिवेदन, पत्रपत्रिका र विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त भएका प्रकाशनहरुलाई लिइएको छ । यस्ता तथ्याङ्कहरु जनगणना, महिला शाखा, महिला बालबाकिला तथा समाजकल्याण मन्त्रालय लगायत अन्य गैरसरकारी क्षेत्रहरुबाट पनि लिइएको छ ।

### ३.६ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

यस अध्ययनलाई सफल बनाउन तथ्याङ्कको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा पनि भर पर्ने हुँदा विभिन्न स्रोतबाट प्राप्त भएका तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृति अनुरुप विश्लेषण गरिएको छ । विश्लेषण गर्नु पूर्व उक्त संकलित तथयाङ्कहरुलाई सरल तरिकाले सबैले

बुझ्ने गरी तालिकीकरण गरिएको छ। तथ्यहरुको प्रकृति हेरेर गुणात्मक तथ्यहरुलाई आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण र वर्णन गरिएको छ भने संख्यात्मक तथ्यहरुलाई बोधगम्य तारिकाले तालिकीकरण गरी स्पष्ट पारिएको छ। आवश्यकता अनुसार तथ्याङ्कहरुको व्याख्या र विश्लेषण पनि गरिएको छ। उक्त सांख्यिकीय विधिको प्रक्रियाको क्रममा कुल, औषत तथा प्रतिशत आदिको माध्यमबाट सरल तरिकाले प्रष्ट्याउने प्रयास गरिएको छ।

### ३.७ अध्ययनको सीमा

कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धान गर्ने क्रममा निश्चित प्रक्रिया र सीमा निर्धारण गर्नु महत्वपूर्ण हन्छ। जसले गर्दा अध्ययन अनुसन्धान कार्य बढी विश्वसनीय र प्रमाणिक बन्छ। अनुसन्धान कार्यको सीमाको निर्धारण गर्नुको कारण समग्र पक्षलाई समेट्न नसकिने हुनाले एउटा निश्चित स्थानलाई रोज्नु हो। प्रस्तुत अध्ययनले नेपाल राज्य भरका सम्पूर्ण मगर महिलाहरुमाथि हुने हिंसा र सामाजिक पक्षलाई समेट्न नसक्ने हुनाले अरुणठाकुर गाविसका मगर महिलाहरुमाथि हुने हिंसा तथा उनीहरुको सामाजिक शैक्षिक पक्षको वास्तविकता पत्ता लगाउने उद्देश्य राखेको छ। यो सर्वेक्षण अरुणठाकुर गाविसमा बसोवास गर्ने मगर महिलाहरु विरुद्ध हुने घरेलु हिंसा पीडित महिलाहरूसँग मात्र सम्बन्धित रहेको छ।

- समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधीको लागि मात्र यो अध्ययन गरिएको हुदां अनुसन्धान कर्ताले समय र अर्थको ख्याल गर्दै अध्ययनभित्र गर्नुपर्ने बृहत् क्षेत्रलाई समेटेर अध्यन गर्न सकिएको छैन।
- यस अध्ययनले निश्चित क्षेत्रका नेपाली महिला खासगरी मगर जाति महिलाहरुमाथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गरे पनि सम्पूर्ण नेपाली जातजातिका महिलाहरुमाथि हुने गरेका घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्छ भनेर किटान गर्न सकिदैन।

## अध्याय-चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

प्रस्तुत अध्यायको पहिलो खण्डमा अध्ययन क्षेत्रको भौगोलिक बनावट, घरधुरी उत्तरदाताको सामाजिक तथा आर्थिक विशेषता, मगर महिलाहरुको स्थिति, र दोस्रो खण्डमा महिला उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक पक्षहरुको विश्लेषणलाई विस्तृत रुपमा जोड दिइएको छ ।

## ४.१ अरुणठाकुर गाविसको नामाकरण र भौगोलिक अवस्थिति

सिन्धुली जिल्ला नेपालको राजधानी काठमाडौबाट दक्षिणपूर्वमा पर्दछ । मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको मध्यभागमा अवस्थित यस जिल्लाका ५३ वटा गाविस तथा एक नगरपालिकामध्ये जिल्ला सदरमुकामबाट पूर्वतर्फ अरुणठाकुर गाविस अवस्थित रहेको छ । अरुणठाकुर गाविस जिल्लाको राजनीतिक विभाजनमा निर्वाचन क्षेत्र नम्बर १ तथा इलाका नम्बर ३ मा पर्छ भने दुधौली गाविस इलाकाको केन्द्र हो ।

यस गाविसको नामाकरण ठाकुरदेव गुफा र अरुणखोलाबाट संयुक्तरुपमा रहन गएको देखिन्छ । सदरमुकामबाट निकै टाढा भएकोले यो गाविस विकासका दृष्टिकोणले अन्य गाविस भन्दा पछाडि रहेको छ । सरकारी कार्यालयहरुमा गाउँ विकास समिति, अतिरिक्त हुलाक कार्यालय र स्वास्थ्य चौकी मात्र रहेका छन् । कृषि तथा पशुसेवा केन्द्रको लागि दुधौली केन्द्र नै जानुपर्ने अवस्था छ ।

करीव २७॰०३' उत्तरदेखि करीव २७॰०६' उत्तरी अक्षांश र करीव ८६॰१३' पूर्वदेखि ८६॰१९' पूर्वी देशान्तरमा रहेको यो गाविस महाभारत खण्डमा पर्दछ । जिल्लाको २,४९१ वर्ग किलोमीटर क्षेत्रफलमध्ये यस गाविसले करीव ४८ वर्ग किलोमीटर ओगटेको छ । जिल्ला वस्तुगत विवरणमा यस गाविसको क्षेत्रफल ३,६३६ हेक्टर उल्लेख गरिएको छ । यस गाविसको पूर्वमा ककुरठाकुर गाविस, पश्चिममा जिनाखु गाविस, उत्तरमा महादेवडाँडा गाविस र दक्षिणमा दुधौली,टाडी र लदाभीर गाविस पर्दछन् । गाविसमा सान्धानेखोला, कन्यखोला, ठाकुरखोला, सिसंकु खोला, कर्था खोला, खोला तथा माथिल्लो ठाकुर खोला जस्ता साना ठूला खोलाहरु रहेका

छन् । समुन्द्री सतह ४२० मिटर देखि १२२० मिटरसम्म उचाइ रहेका यस गाविसको समग्र भौगोलिक स्वरुप हेर्ने हो भने यहाँ हिमाली, पहाडी र तराई तीनवटै स्थानमा हुने हावापानीको महसुस गर्न सकिन्छ । गाविसको उत्तरी भाग जुन महादेवडाँडा गाविस र उदयपुरको मयाखु गाविससँग सिमाना जोडिएको छ । त्यहाँको हावापानी हिमाली हावापानीसँग मिल्दोजुल्दो पाईन्छ । यस क्षेत्रमा जाडो मौसममा हिउँ पर्छ भने वर्षायाममा वाक्लो कुहिरो लाग्छ । यस्तै गाविसको दक्षिणी भाग यस जिल्लाको सिर्थौली, दुधौली, टाँडी र लदाभिर गाविससँग सिमाना जोडिएको छ । यहाँको हावापानी तराईको हावापानीसँग मिल्दोजुल्दो रहेको छ । यहाँ जाडो समयमा हुस्सु लाग्ने र गर्मी मौसममा धेरै गर्मी हुन्छ । गाविसको वीचभाग जहाँ पहाडी हावापानी रहेको छ । यहाँ जाडोमा पनि धेरै जाडो हुँदैन र गर्मीमा पनि धेरै गर्मी हुँदैन । यस गाविसमा वीचवीचमा समथर भूमीहरु पनि रहेको छ । जहाँ कृषिजन्य उत्पादन पर्याप्त मात्रामा उत्पादन हुन्छ भने यस क्षेत्रमा पर्याप्त सिंचाईको व्यवस्था रहको छ । यहाँको भू-वनोटलाई हेर्दा यहाँ त्यस्ता डरलाग्दा ठूला भीरहरु पनि छैन साथै धेरै समथर भूभाग पनि छैन । यस गाविसको हावापानी तथा भू-वनोटलाई अध्ययन गर्दा तराई र पहाडीको मध्यवर्ती भू-बनौटको रुपमा लिन सकिन्छ ।

## ४.२ गाविसको सामाजिक तथा आर्थिक जनजीवन

अरुणठाकुर गाविसको जम्मा जनसंख्या ६,६५३ मध्ये महिला ३,३३५ र पुरुष ३,३१८ रहेका छन् । कूल जनसंख्यामा महिला र पुरुष करीव ५०/५० प्रतिशत छ भने गाविसको औसत परिवार संख्या ६.१० देखिन्छ । गाविसमा मुख्यतया मगर तथा तामाङ जातिको बसोबास छ भने केही संख्यामा क्षेत्री, ब्राम्हण, नेवार, सुनुवार, राई, गुरुङ्ग तथा अन्य केही दलित जातिहरुको बसोबास छ । उनीहरुमध्ये धेरै जसो आफ्नो परम्परा अनुसारका धर्म, रीतिरिवाज र संस्कृतिहरु मान्दछन् । जाति र धर्म अनुसार चालचलन र संस्कृति पनि फरक-फरक पाईन्छ । यहाँ वसोवास गर्ने मानिसहरुको आफ्नै भाषा र भेषभुषा रहेको छ । सामाजिक परम्परा/छिमेकीको विवाह, भोज, ब्रतवन्ध, मृत्यु जस्ता संस्कारहरुमा पनि यहाँका मानिसहरु आफ्नो रीतिस्थिति र परम्परा अनुसार नै चल्ने गर्दछ । यहाँका मानिसहरु दशैं, तिहार तथा अन्य चाडहरु मान्नुका साथै धार्मिक विविधता भए तापनि एक आपासमा घुलमिल भएर बस्ने गरेका छन् ।

गाविसमा गैरकृषि पेशामा सम्लग्न हुनेहरुको संख्या न्यून छ । बहुसंख्यक मानिसहरु कृषि पेशामा संलग्न रहेको तथ्याङ्कले देखाएको छ । यस गाविसमा प्रमुख नगदेवालीको रुपमा अदुवा खेती रहेको पाईन्छ । कृषि अन्तर्गत अन्न तथा तरकारी बाली, नगदेबाली, पशुपालन आदि पर्दछन् । यहाँ उत्पादन हुने प्रमुख बालीमा धान, मकै, कोदो, गहुँ, फापर, आदि अन्नवाली हुन् भने तरकारी वालीमा आलु, प्याज, हरिया सागपातहरु पर्दछन् । दलहन अन्तर्गत यहाँ उत्पादन हुने कालो मास, स्थानीय भट्मास, बोडी उत्पादन हुने गर्दछन् । पशुपालनमा मुख्यतः गाई, गोरु, भैसी, राँगा, बाखा भेडा आदि पाल्ने गर्दछन् ।

गाविसको साक्षरता करीव ७८ प्रतिशत रहेको छ भने महिला साक्षरता दर ७३ र पुरुष साक्षरता दर करीव ८३ प्रतिशत देखिन्छ । गाविसमा ११ वटा सामुदायिक तथा ३ वटा निजी बिद्यालयहरु रहेका छन् भने सामुदायिक बिद्यालयहरुमा १७ शिक्षक दरबन्दी छ । गाविस बासीको स्वास्थ्य अवस्था हेर्दा केही गाउँबासीहरु अझै पनि प्रारम्भिक स्वास्थ्य उपचारको लागि धामी झाँक्रीकोमा जाने गर्छन् । यद्यपि स्वास्थ्य संस्थामा जानको लागि धेरै टाढा जानुपर्ने अवस्था भने छैन । खोप, मातृशिशु स्वास्थ्य तथा परिवार नियोजन सेवाको अवस्था ठीकै देखिन्छ । यस गाविसमा परम्परादेखि मानी आएको धर्म नै मान्ने गरेको देखिन्छ । गाविस स्रोतका अनुसार  ६६१ घरघुरीले हिन्दू धर्म, २८२ घरधुरीले बौद्ध र ८३ घरधुरीले किराँत धर्म मान्ने गरेको उल्लेख गरेका छन् । अन्य धर्म मान्नेहरु भने १७ घर रहेका छन् । त्यस्तै गाविसमा सबैभन्दा बढी ४५० घरधुरीले नेपाली भाषा बोल्छन् ।

अध्ययनको लागि छनौट भएका मगर जातिहरु मुख्य गरेर यस गााविसको सम्पूर्ण वडाहरुमा क्षेत्री, सुनुवार, तामाङ, र नेवार जात जातिसँगै बसोबास गरेको पाइन्छ । मगरहरुको मुख्य बस्ती गाविसका  १, ७ र ८ नं वडाहरुमा रहेको छ । विभिन्न जातजातिहरुको संयुक्त बसोबास स्थल, एकआपसमा भएको भात्तृत्व र व्यवहारहरुले एक अर्कालाई प्रभाव पारेको पाइन्छ । जसअनुसार समाजमा हुने लैंगिक विभेद पनि जातजाति अनुसारकै रहेको अध्ययन क्षेत्रमा पाउन सकिन्छ । मगर समुदायमा पनि समाजमा हुने अन्य जातिका महिलाहरुले सरह पुरुषको एकलौटी बचर्स्वबाट आफूहरु प्रभावित हुनुपरेको छ । गाउँ तथा समाजमा हुने जातीय छुवाछुत र भेदभाव, वर्गीय उचनिच, लैंगिक दुर्व्यवहारहरुबाट यहाँका मगर समुदायका महिलाहरु पनि अछुतो रहन सकेको छैन ।

### ४.३ जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरु

जनसंख्याको सामाजिक तथा आर्थिक विशेषताहरुमा घरधुरी जनसंख्याको उमेर र लिङ्ग, पारिवारको किसिम, वैवाहिक स्थिति, शैक्षिकस्तर, मुख्य पेशा, र धर्म तथा संस्कृतिलाई यस खण्ड अन्तर्गत प्रस्तुत गरिएको छ ।

#### ४.३.१ जनसंख्याको उमेर र लैंगिक संरचना

कुनै पनि तोकिएको निश्चित सीमाभित्र आवद्ध व्यक्तिहरुको विवरण वा संख्यालाई जनसंख्या भनिन्छ । यस अनुसन्धानमा जनसंख्याको अध्ययन गर्न ३०३ घरधुरीका १६९६ जनसंख्याको संरचनालाई उमेरगत आधारमा तीन खण्डमा (०-१९ बर्ष, २०-५९ बर्ष र ६० बर्षभन्दा माथि) विभाजन गरी अध्ययन गरिएको छ । जसलाई तालिका ४.१ मा देखाइएको छ ।

**तालिका ४.१: उमेर र लिंगको आधारमा मगर घरधुरी जनसंख्याको विवरण**

| उमेर समुह | लिंग | | | | जम्मा जनसंख्या (%) |
|---|---|---|---|---|---|
| | पुरुष | प्रतिशत | महिला | प्रतिशत | |
| ०-१९ | २३२ | ४९.५७ | २३६ | ५०.४३ | ४६८ (२७.६०) |
| २०-५९ | ४७९ | ४९.९० | ४८१ | ५०.१० | ९६० (५६.६०) |
| ६० भन्दा माथि | १३३ | ४९.६३ | १३५ | ५०.३७ | २६८ (१५.८०) |
| **जम्मा** | **८४४** | **४९.७६** | **८५२** | **५०.२४** | **१६९६ (१००.०)** |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.१ अनुसार ०-१९ बर्ष उमेर समूहका जनसंख्याको पुरुष र महिला गरी जम्मा २७.६० प्रतिशत रहेको छ । त्यसैगरी २०-५९ वर्ष उमेर समुहमा महिला तथा पुरुषको संख्या सबैभन्दा बढि ५६.६० प्रतिशत रहेको देखिन्छ । आर्थिक एवं सामाजिक हिसावले यो उमेर समूहका जनसंख्यालाई महत्वपूर्ण मानिन्छ । अर्कोतिर, ६० बर्ष वा सोभन्दा माथिका उमेर समूहका मगर महिला तथा पुरुषको घरधुरी जनसंख्या भने जम्मा १५.८० प्रतिशत मात्र रहेको छ ।

### ४.३.२ परिवारको किसिम

कुनै पनि ब्यक्ति जन्मेपछि पहिलो सम्पर्क उसको परिवारसँग हुन्छ । उसको रेखदेख लालन पालन परिवारमा नै हुन्छ । उसलाई कस्तो बनाउने भन्ने कुरामा परिवारकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसै कारणले गर्दा अन्य समुदायमा जस्तै मगरसमुदायमा पनि परिवार एक संस्थाको रुपमा रहेको हुन्छ । घरको वूढा पाकाले घरमुलीको रुपमा निर्णय गर्ने गरेको उनीहरुमा पनि पाइन्छ । यसैगरी परिवार सानो होस् र सुखी होस् भन्ने चाहाना त सबैले राख्दछन् । एकै परिवारमा हजुरवा, हजुरअमा, बाबु, आमा, दाजु, भाउजु, फुपु, भदा, भदै सँगै बसेको संयुक्त परिवार पनि देखिन्छ । तर धेरै जसो घरमा एकल परिवार आमा, बुबा, छोरा छोरीमात्र बसेको पाइन्छ । अरुणठाकुर गाविसको मगर समुदायको पारिवारिक बनोटलाई तालिका ४.२ बाट अभ्र स्पष्ट पार्न सकिन्छ ।

**तालिका ४.२: मगरसमुदायका घरधुरी उत्तरदाताहरुको पारिवारिक संरचना**

| परिवारको प्रकार एवं किसिम | घरधुरी संख्या | जम्मा प्रतिशत |
|---|---|---|
| एकल | २२५ | ७४.२५ |
| संयुक्त | ७८ | २५.७५ |
| जम्मा | ३०३ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.२ मा भएअनुसार मगर जातिमा एकल वा सानो परिवारको ढाँचामा जम्मा २२५(७४.२५%) घरधुरीहरु रहेका छन् । त्यसैगरी मध्यम खालको परिवार जहाँ ५ देखि ८ जनाको संख्यामा रहेको परिवार अर्थात संयुक्त परिवारिक ढाँचामा सबैभन्दा बढी ७८(२५.७५%) घरधुरीहरु रहेका भेटिएका छन् । यसरी मगर समुदायहरु बढी जसो एकल परिवारिक ढाँचामा रहनुको कारण भने उनीहरु आफ्नो गरिवीको कारण हो भनेर उत्तरदाताहरुले बताउने गरेको पाइन्छ ।

अध्ययन क्षेत्रभित्र बसोबास गर्ने मगर जाति घरधुरीहरु धर्ममा निकै विश्वास गर्दछन् । महिलाहरुले विहान/बेलुका धुप बाल्ने र पूजा गर्ने गर्दछन् । यसका साथै समय समयमा आउने चाडपर्वहरु निकै हर्षोल्लासका साथ मनाउँने र समय-समयमा विभिन्न देव तिर्थ गर्ने लगाएत

विभिन्न देवी देवताहरुको पूजाआजा गर्ने गर्दछन् । अधिकांश मगरहरु विभिन्न धर्मका देवी देवताहरुप्रति सम्मान तथा विश्वास राख्दछन् । अध्ययनको क्रममा शत प्रतिशत मगर घरधुरीहरुले हिन्दू धर्ममा विश्वास गरेको देखियो ।

### ४.३.३ जनसंख्याको वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्था हो जुन मानिसले आफ्नो वंश, परम्परा र समाजलाई निरन्तरता दिन उमेर पुगेकाहरुले आफै गर्ने वा अविभावकहरुले गरिदिने गर्दछ । अध्ययन क्षेत्रका मगर समुदायका जनसंख्याको वैवाहिक स्थितिलाई हेर्ने हो भने तालिका ४.३ अनुसारको स्थिति त्यहाँ रहेको पाइन्छ ।

**तालिका ४.३: घरधुरी जनसंख्याको विवाहिक स्थितिको वितरण (१० बर्षभन्दा माथि)**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ८१० | ६०.१८ |
| अविवाहति | ४६८ | ३४.७७ |
| विधवा/विदुर | ६० | ४.४५ |
| पारपाचुके गरेको | ८ | ०.६० |
| जम्मा: | १३४६ | १००.० |

स्रोत: स्थलगत अध्ययन, २०७०

अध्ययन क्षेत्र भित्रको कुल १६९६ जनसंख्यामध्ये ३५० जना १० बर्षभन्दा कम उमेर समूहमा रहेका छन् । यो उमेर समूहकालाई नाबालकको रुपमा हेरिने हुदा उनीहरलाई वैवाहिक सम्बन्धका बारेमा पनि सोधिदैन । उत्तरदाताहरुको वैवाहिक स्थितिलाई हेर्दा अधिकांश रुपमा ( ६०.१८%) विवाहित हुनेहरुको संख्या बढी रहेका छन् । यसरी विवाहित बढी हुनुमा शैक्षिक अवस्था कमजोर हुनु उत्तरदाताहरुले औल्याए । त्यस्तै अविवाहित हुनेहरुको जनसंख्या ३४.७७ प्रतिशत मात्र भेटिए भने ४.४५ प्रतिशत जनसंख्या विधवा वा विदुर रहेका छन् । त्यसैगरी विवाह भएर पनि श्रीमान/श्रीमती बीच मनमुटाव भई अलग्गै वा सम्वन्द विच्छेद गरेर बसेका महिला तथा पुरुषहरु ०.६० प्रतिशत भेटियो । यसरी सम्बन्ध विच्छेद गर्नेहरुले भने कानूनी प्रक्रिया नअपनाउने गरेको पाइन्छ ।

### ४.३.४ जनसंख्याको शैक्षिक अवस्था

मानव जीवनमा शिक्षाको विशेष स्थान रहेको छ । शिक्षा विनाको मानिस अन्धो समानको हुन्छ । राष्ट्रको उन्नति र विकासका लागि, मानव जीवनका आवश्यकता परिपूर्तिका लागि साथै विभिन्न नयाँ अध्ययन अनुसन्धानको लागि विविध क्षेत्रमा शिक्षाको महत्वपूर्ण स्थान रहेको छ । अरुणठाकुर निवासी मगर समुदायको शैक्षिक स्थितिको अध्ययन गर्दा प्रायःजसो एक चौथाई जनसंख्या अझै अशिक्षित नै देखिन्छन् । नेपालको सन्दर्भमा हेर्दासमेत ६ वर्ष र सो भन्दा माथिका लेखपढ गर्न जान्नेलाई साक्षर मानिन्छ । अध्ययन क्षेत्रका मगर जाति जनसंख्याको शैक्षिक अवस्थालाई निम्न तालिका ४.४ बाट स्पष्ट पार्न खोजिएको छ ।

**तालिका ४.४: मगर घरधुरी जनसंख्याको शैक्षिक अवस्था (६ बर्षभन्दा माथि)**

| शैक्षिक तह एवं स्तर | पुरुष | महिला | जम्मा (%) |
|---|---|---|---|
| निरक्षर | ५९ | २४५ | ३०४ (१९.१६) |
| साक्षर मात्रै | ४५० | ३५० | ८०० (५०.४४) |
| प्राथमिक तह | २५० | १८० | ४३० (२७.११) |
| माध्यमिक वा एस.एल.सी | १५ | १२ | २७ (१.७०) |
| उच्च माध्यमिक तह | १३ | ७ | २० (१.२६) |
| स्नातक तह वा सोभन्दा माथि | ३ | २ | ५ (०.३३) |
| जम्मा | ७९० | ७९६ | १५८६ (१००.०) |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथि उल्लेखित तालिका ४.४ अनुसार मगरसमुदायका कुल जनसंख्याको १९.१६ प्रतिशत मात्रै निरक्षर रहेका छन् भने साधारण लेखपढ् गर्न सक्नेहरु झण्डै जनसंख्याको आधा ५०.४४ प्रतिशत रहेको छ । त्यसैगरी प्राथमिक तहको अध्ययन पुरा गर्नेहरु २७.११ प्रतिशत रहेको पाइयो भने माध्यमिक तह वा एस.एल.सी. सम्मको पढाई पुरा गर्नेहरु १.७० प्रतिशत रहेको छ । उच्च माध्यमिक तहको शिक्षा  पुरा गर्नेहरु १.२६ प्रतिशत र स्नात्तक वा सोभन्दा माथिको शैक्षि उपाधि प्राप्त गर्नेहरु जम्मा ०.३३ प्रतिशत मात्र रहेको छ । यसबाट के देखिन्छ भने अधिकांश मगरहरु माथिल्लो तहको उच्च शिक्षा प्राप्ति गर्ने दरमा क्रमशः घट्दो क्रममा रहेको देखिन्छ ।

### ४.३.५ जनसंख्याको पेशागत विवरण

गाँस, बास र कपासको परिपूर्तिको लागि अर्थात बाँच्ने र बचाउने प्रक्रियामा हरेक ब्यक्तिहरुले कुनै न कुनै पेशा अवश्य गर्ने गरेको हुन्छ । खासगरी सामाजिक रुपमा मगर समुदायको पनि आफ्नो पुर्खौली पेशाहरु रही आएको समाजमा देखिन्छ । अध्ययन क्षेत्रमा रहेका मगरघरपरिवारहरुको आफ्नै पुर्खौली पेशा भएता पनि अन्य पेशामा समेत उनीहरुको संलग्न रहेको छ । आयस्रोतका लागि उनीहरुले खेतीपाती वा ज्याला मजदुरी लगायत वैदेशिक रोजगार, स्थानीय संघसंस्था तथा विद्यालयहरुमा नोकरी गरी जीवन चलाउने गरेको देखिन्छ । तालिका ४.५ मा मगर जनसंख्याको पेशागत विवरणलाई उल्लेख गरिएको छ ।

**तालिका ४.५ः मगर समुदायका घरधुरी जनसंख्याको पेशागत विवरण (१० बर्षभन्दा माथि)**

| मुख्य पेशा | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ६५९ | ४८.९६ |
| अध्ययन | ४६ | ३.४२ |
| ज्याला मजदुरी | ४८० | ३५.६६ |
| घरायसी काम गर्ने | ८५ | ६.३२ |
| वैदेशिक रोजगार | २५ | १.८६ |
| राजनीति वा समाजसेवा | ७ | ०.५२ |
| अशक्त | २४ | १.७८ |
| नोकरी | १० | ०.७४ |
| व्यापार | १० | ०.७४ |
| जम्मा | १३४६ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.५ अनुसार अधिकांश मगरजातिहरुले कृषि कार्यलाई आफ्नो मुख्य पेशा मानेको देखिन्छ जुन् कुल जनसंख्याको ४८.९६ प्रतिशत छ । त्यस्तै अध्ययनलाई पेशा बताउनेहरु ३.४२ प्रतिशत रहेको छ जुन अधिकांश स्कूले केटाकेटीहरु हुन् । ज्यालादारी र घरायसी काम गर्नेहरु क्रमस ३५.६६ र ६.३२ प्रतिशत रहेको छ भने वैदेशिक रोजगारमा जानेहरु १.८६ प्रतिशत, समाजसेवा वा राजनीति रोज्नेहरु ०.५२ प्रतिशत, अशक्त १.७८ प्रतिशत, नोकरी गर्नेहरु ०.७४ प्रतिशत र स-साना व्यापार गर्नेहरु ०.७४ प्रतिशत रहेका देखिन्छन् ।

मगर जातिले पशुपालनलाई कृषिको परिपुरकको रुपमा लिइएको देखिन्छ । खेतवारीमा हाल्ने मल, जमीन जोत्ने, जस्ता कार्यमा गोरुलाई प्रयोग गरिन्छ । त्यसैले पशुपालन र कृषि एक आपसमा परिपूरकको रुपमा लिइन्छ । यस क्षेत्रमा गाई, भैसी, दुधको लागि पालिने गरिएको छ । गोरु जोत्नको लागि पाल्ने गरिन्छ भने खसी, बोका, बंगुर, हाँस, कुखुरा, परेवा, वदेल मासु र आम्दानीको लागि पाल्ने गरिएको छ । किनकी यसबाट नगद व्यापार छिटो हुने र आर्थिक आम्दानी बढी हुने हुनाले उत्तरदाताहरूले बाखा, कुखुरा, सुँगुर र परेवा पालनलाई बढी जोड दिएका छन् । त्यसैगरी जोत्नको लागि गोरु तथा दहि र दुध खानको लागि गाई र भैसी पनि प्रसस्तै पाल्ने गरेको छ । हेरचाहको लागि महिलाहरु बढी नै व्यस्त रहेको देखिन्छ भने जमीन जोत्ने कार्यको लागि पुरुषहरु व्यस्त छन् । यसरी हाट बजारै पिच्छे खसी बोका, सुगुर, कुखुरा, परेवा, हाँस बिक्री गरी आम्दानी मनग्गे गर्ने गरेका छन् र बाली खनजोत, गोडमेलमा ज्यालादारी र पर्मको पनि चलन रहेको पाइन्छ ।

अध्ययन क्षेत्रभित्र मगर समुदायहरूको बीचमा हुने श्रम विभाजन र निर्णय गर्ने तरिकामा खास गरी कृषि, पशुपालन, तरकारी खेतीमा बढी श्रम महिलाहरूले गर्ने गरेको पाइयो । विउ छर्ने, गोडमेल गर्ने, बाली काट्ने काममा लगभग ६०.० प्रतिशत भन्दा बढी महिलाहरूको संलग्नता पाइएको छ भने व्यापार गर्ने, विक्रि वितरण केन्द्रमा पुऱ्याउने र नगद कारोबारमा पुरुषहरूको बढी संलग्नता देखिन्छ । खेतवारीमा बाली हेरचाह गर्ने, गोडमेल गर्ने, बाली काट्ने किटनासक औषधी प्रयोग गर्ने कार्यमा महिला तथा बालबालिकाहरूको पनि संलग्नता रहेको छ भने खेतवारीमा पानी पटाउने र अन्न वाली लोड/अनलोडमा पुरुषहरूको संलग्नता बढी छ । तर निर्णय प्रक्रियामा भने महिलाहरुको ४०.० प्रतिशत मात्र संलग्नता भएको देखिन्छ । श्रममा पुरुषको ४०.० प्रतिशत संलग्नता हुदा निर्णय प्रक्रियामा भने ६०.० प्रतिशत रहेको छ तापनि जमिन जोत्ने कार्यमा भने शतप्रतिशत पुरुषहरु नै संलग्न रहने गरेको छ । बजार, व्यापारिसँग लेनदेन र उत्पादित अन्नबाली, पशुपालन, फलफूल र तरकारीको विक्रीबाट प्राप्त रकम पुरुषले नै लिने गरेका छन् भने बाखा पाठा, खसी बोका, हाँस, कुखुरा, भैसी जस्ता जनावर र पशुपंक्षी महिलाहरूले दाइजो तथा पेवाको रुपमा प्रयोग गरि अध्ययन क्षेत्रका करिब ६०.० प्रतिशत मगर महिलाहरूले आर्थिक लाभ गरी बचत गर्ने र आयआर्जन समूह गठन गरी रकम बचत गरि ऋण लगानी गर्ने गरेको र त्यसबाट थप प्राप्त नगदबाट

गरगहना र केही जमिन खरिद गरी आफ्नो स्वामित्वमा समेत राख्ने गरेका पाइन्छ । यसरी समग्रमा भन्नुपर्दा श्रममा महिला संलग्नता बढी र निर्णय प्रक्रियामा पुरुष भए पनि महिलालाई प्रसस्तै अवसर र निर्णय प्रक्रियामा सहभागी गराउने संस्कारको विकास भने तीव्रगतिमा हुने गरेको स्थानीयहरुले छलफलका क्रममा बताउने गरेका छन् ।

**तालिका ४.६: मगर समुदायका घरधुरीहरुसँग भएको जग्गा जमिनको स्थिति**

| जग्गाको परिमाण | जम्मा घरधूरी | प्रतिशत |
|---|---|---|
| १ विगाहा भन्दा कम | २२५ | ७४.२६ |
| १-२ विगाहा | ५० | १६.५० |
| २-३ विगाहा | २८ | ९.२४ |
| जम्मा | ३०३ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.६ अनुसार मगर घरधुरीसँग रहेको कुल जमिनको स्थितिलाई मोटमोटी उल्लेख गरिएको छ जसमा ३९४ विगाहा जमिन खेतीयोग्य रहेको छ । अधिकांश जनसंख्याहरु कृषि पेशामा निर्भर रहेको कारण उनीहरुसँग कृषिको लागि के कति जमिन रहेको छ भन्ने कुरा थाहा पाउन आवश्यक थियो । जस्मध्ये सबैभन्दा बढी (७४.२६%) घरधुरीसँग केवल १ विगाहा भन्दा कम मात्र जमिन रहेको पाइयो । त्यसैगरी १६.५० प्रतिशतसँग एक देखि दुई विगाहाको हारहारीमा जमिन रहेका छन् ९.२४ प्रतिशतसँग २ विगाहा भन्दा माथि जमिन रहेको छ ।

**तालिका ४.७: जनसंख्यालाई बार्षिक खाद्यान्नको पर्याप्तता**

| खान पुग्ने महिना | जम्मा घरधूरी | प्रतिशत |
|---|---|---|
| १-६ महिना | २२५ | ७४.२६ |
| ६-१२ महिना | ५० | १६.५० |
| १२-महिना भन्दा बढी | २८ | ९.२४ |
| जम्मा | ३०३ | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०७०

तालिका ४.७ अनुसार जम्मा ३०३ मगरघरधुरीहरुले जीविकोपार्जनका लागि अंगालेका पेशा, पशुपालन र आफूसँग भएको जमिनको उत्पादनले बार्षिक रुपमा आफ्नो परिवार धान्न पर्याप्त खाद्यन्न उपलब्ध गराउन सक्छ वा सक्दैन भन्ने कुरालाई समेत हेरिएको थियो । जस्मध्ये २८ घरधुरीलाई मात्र आफू र आफ्नो घरपरिवारले अपनाएको पेशा र आफुसँग भएका जग्गाको उब्जनीले बाह्रै महिनासम्म धान्न सक्ने देखिन्छ भने ५० घरधुरीलाई त उत्पादित तरकारी एवं अन्न बेचबिखन गरी प्रशस्त आर्थिक आम्दानी गर्ने अवस्था समेत रहेको छ । अर्कोतिर, २२५ घरधुरीहरुलाई आफूले अपनाएको पेशा र आफ्नो जग्गाबाट उत्पादित भएको अन्नले १-६ महिनासम्म मात्र धान्ने पनि देखिन्छ । तीमध्ये पनि लगभग सबै स्थानीय तहमा ज्याला मजदुरी गरी आफूलाई अरुसरह जीवन निर्वाह गर्ने गरेको पाइन्छ भने ठूलाबडाहरूले पनि स्थानीय व्यक्तिहरुलाई स्थानीय रोजगारीको अवसर दिने गरिएको पाइयो । यसबाट के देखिन्छ भने मगर समाजका व्यक्तिहरु सामन्य आर्थिक हैसियतमा देखिन्छ ।

### ४.४ उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक विशेषताहरु

यस खण्डमा उत्तरदाताको रुपमा छानिएका मगर महिलाहरुको उमेर, शिक्षा, सामाजिक-सांस्कृतिक तथा आर्थिक अवस्थाहरुको बारेमा विस्तृत चर्चा गरिएको छ ।

#### ४.४.१ उत्तरदाताहरुको उमेर

अध्ययनका लागि छनौटमा परेका विवाहित मगर महिला उत्तरदाताहरूको उमेरगत अवस्था हेर्ने हो भने १९ वर्ष भन्दा कम उमेर समूहमा ५५ जना अर्थात १८.१५ प्रतिशत, २०-५९ वर्ष उमेर समूहमा १६० जना अर्थात ५२.८१ प्रतिशत रहेका छन् । त्यसैगरी ६० वर्ष भन्दा बढी उमेर समूहमा ८८ जना अर्थात २९.०४ प्रतिशत उत्तरदाताहरु रहेका छन् । जसलाई तलको तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८ : उत्तरदाताहरूको उमेरगत विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १९ बर्ष भन्दा कम | ५५ | १८.१५ |
| २०-५९ बर्ष | १६० | ५२.८१ |
| ६० भन्दा बढी | ८८ | २९.०४ |
| जम्मा | ३०३ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

माथिको तालिका ४.८ लाई बिश्लेषण गर्दा अध्ययन क्षेत्रका ३०३ जना मगर महिला उत्तरदाताहरु विभिन्न उमेर समूहभित्र रहेका छन् । जस्मध्ये सबैभन्दा धेरै २० देखि ५९ बर्ष उमेर समूहका ५२.८१ प्रतिशत रहेका छन् । त्यसै गरी ६० वर्ष माथिका २९.०४ प्रतिशत छन भने सवै भन्दा कम १९ वर्ष मुनिका १८.१५ प्रतिशत रहेका छन् । जिम्मेवारीका हिसावले २०-५९ उमेर समुहका महिलाहहरुले आफ्नो उमेरसँगै घर गृहस्थी सम्हाल्न सुरु गर्ने गर्दछन् भने बढी जसो यही उमेरमा नै उनीहरुको विवाह पनि हुन्छ । काम र जिम्मेवारीको हिसावले यो उमेरलाई परिपक्व मानिन्छ भने यसै उमेरमा उनीहरुले घरपरिवार र समाजबाट हुने विभिन्न प्रकारका हिंसा र दुर्व्यवहारका घटनाहरु सहन गर्ने पनि गर्दछन् ।

मगर महिलाहरूको विवाहित उमेरलाई हेर्दा ९० जना अर्थात् २९.७० प्रतिशत उत्तरदाताहरुले १९ बर्ष भन्दा कम उमेरमा विवाह गरेको देखिन्छ भने १८० जना अर्थात ५९.४० प्रतिशतको २०-२४ बर्षमा विवाह भएको पाइयो । त्यसैगरी २५-२९ बर्षभित्र विवाह गर्नेहरु २८ जना अर्थात ९.२४ प्रतिशत रहेका छन् भने ५(१.६६%) जनाले ३० बर्षपछि मात्र विवाह गरेको देखिन्छ (तालिका ४.९) ।

**तालिका ४.९ : उत्तरदाताहरुको वैवाहिक उमेर**

| विवाहित उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १९ बर्ष भन्दा कम | ९० | २९.७० |
| २०-२४ | १८० | ५९.४० |
| २५-२९ | २८ | ९.२४ |
| ३० वर्ष भन्दा माथि | ५ | १.६६ |
| जम्मा | ३०३ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

तालिका ४.९ लाई विश्लेषण गर्दा मगरसमुदायका अधिकांश महिलाहरुको विवाह सानै उमेरमा भएको देखिन्छ । कमजोर आर्थिक अवस्था र शैक्षिक चेतनाका कमीको कारणले आफ्नो गाउँ, घर तथा समाजमा चाडै विवाह गरिदिने वा आफै गर्ने प्रचलन रहेको छ । यसरी सानै उमेरमा हुने विवाहले उनीहरुको प्रजनन् क्षमतामा असर पार्नुका साथै घरमुलीबाट सानै उमेरदेखि घरेलु हिंसाजन्य घटनाहरुबाट प्रताडित् हुने संम्भावना बढी देखिन्छ । घरमा श्रीमान्, सासू/ससुरा तथा परिवारका अन्य सदस्यहरुबाट हुने दुव्यवहारहरु विरुद्ध उमेरकै कारणले खुलेर प्रतिवाद गर्ने साहस उनीहरुमा हुदैन । तसर्थ यस्ता स-साना उमेर देखि नै उनीहरु हिंसाजन्य व्यवहारबाट पीडित हुने गरेको उनीहरु स्वीकार्छन् ।

### ४.४.२ उत्तरदाताको शैक्षिक अवस्था

शिक्षा एक मार्गदर्शनको आधार हो र मानव मात्रको ज्ञान र चेतनाको मुहान हो । शिक्षाले नै मानिसको भविष्य उज्ज्वल र अप्ठ्यारा परिस्थितिसँग जुध्न सक्ने र विवेकी बनाउँछ । त्यसैले एउटा उन्नत सभ्य समाज स्थापनाको लागि महिला र पुरुषको समान शिक्षाको आवश्यकता पर्दछ । तर पनि मगर महिलाहरूको शैक्षिक अवस्था पुरुषको तुलनामा ज्यादै कम देखिन्छ । विगतको तुलनामा हाल आएर शिक्षाको महत्वप्रति नेपाली समाज सचेत हुन थालेको छ तर पनि अझै ग्रामीण क्षेत्रका महिलाहरू शिक्षाको अवसरबाट वन्चित हुनुपरेको स्थिति देखिन्छ । यस क्षेत्रका मगर महिला उत्तरदाताहरुको शैक्षिक स्थिति भने बिद्यालय तहसम्मको मात्र देखिन्छ । समग्रमा औपचारिक शिक्षा हासिल गरेका मगर महिला उत्तरदाताहरुको संख्या बढी रहेको पाइयो । तालिका ४.१० मा उत्तरदाताहरुको शैक्षिक अवस्थालाई प्रस्तुत गरिएको छ

**तालिका ४.१०: उत्तरदाताको शैक्षिक विवरण**

| शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ८० | २६.४० |
| साक्षर | ८० | २६.४० |
| प्राथमिक तह | १२९ | ४२.५७ |
| माध्यमिक तह | १० | ३.३० |
| उच्च माध्यमिक तह | ४ | १.३३ |
| जम्मा | ३०३ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

मगर महिलाहरूको शैक्षिक अवस्थालाई प्रस्ट्याउने प्रयास गरिदा कुल ३०३ उत्तरदाताहरु मध्ये निरक्षरको संख्या जम्मा २६.४० प्रतिशत, साक्षर मात्र हुनेहरु २६.४० प्रतिशत, प्राथमिकस्तरको पढाई पुरा गरेका महिलाहरुको संख्या ४२.५७ प्रतिशत, माध्यमिक तहका३.३० प्रतिशत र उच्च माध्यमिक तहको शिक्षा पुरा गर्नेहरु १.३३ प्रतिशत मात्र रहेका देखिन्छन् (तालिका ४.१०) ।

### ४.४.३ आर्थिक अवस्था

नेपालको अर्थ व्यवस्थाको मेरुदण्ड नै कृषि हो । नेपालको अधिकांश भाग ग्रामीण पहाडी क्षेत्रमा पर्दछ । जहाँ ८० प्रतिशत जनसंख्याको जीवनको प्रमुख आधार नै कृषि रहेको छ । हाल आएर कृषि कार्यका अलावा व्यापार र नोकरीतर्फ मानिसहरु लागेको पाइन्छ । त्यस्तै अध्ययन क्षेत्रका अधिकांश परिवारको पेसा पनि कृषि नै रहेको छ भने त्यस पछि मजदुरी गर्नेको संख्या बढी छन् । जागिर तथा व्यापार व्यवसाय गर्नेहरु भने निकै कम देखिन्छ । धेरैजसो उत्तरदाता महिलाहरुको स्वआर्जनको माध्यम कृषि नै देखिन्छ ।

**तालिका ४.११ : उत्तरदाताहरूको पेशागत विवरण**

| मुख्य पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २५० | ८२.५० |
| जागिर (नोकरी) | ५ | १.६५ |
| व्यापार | ५ | १.६५ |
| ज्याला मजदुरी | ४१ | १३.५३ |
| सामाजिक सेवा | २ | ०.६७ |
| जम्मा | ३०३ | १००.० |

स्रोत : स्थलगत अध्ययन, २०७०

उत्तरदाताका रुपमा रहेका मगर महिलाहरुले आफ्नो परिवार धान्नको लागि ८२.५० प्रतिशतले कृषि कार्य नै गर्ने गरेको देखिन्छ (तालिका ४.११) । त्यस्तै १.६५ प्रतिशतले जागिरलाई नै मुख्य पेशाको रुपमा लिएका रहेछन् । व्यापार गर्दै आएका उत्तरदाताको संख्या १.६५ प्रतिशत, ज्याला मजदुरी गर्दै आएका १३.५३ प्रतिशत, सामाजिक सेवामा संलग्न ०.६७ प्रतिशत रहेको पाइयो ।

## अध्याय-पाँच

# महिलाले भोगेको हिंसा, हिंसाको प्रकार र त्यसका कारणहरु

प्रस्तुत अध्ययमा महिलामाथि हुने हिंसासम्वन्धी मगर महिला उत्तरदाताहरुको धारणालाई बुझ्ने प्रयास स्वरुप उनीहरुको विचारलाई समेटी सुक्ष्म रुपले प्रस्तुत गरिएको छ । त्यसैगरि मगर महिलामाथि हुने हिंसाको स्वरुप एवं प्रकार, हिंसा हुनुको खास कारण र मगर महिलाहरुले हिंसालाई सहनुपर्ने मुख्य सामाजिक तथा आर्थिक कारणहरुको खोजी गरी विस्तृत रुपमा वर्णन एवं व्याख्या गरिएको छ ।

### ५.१ महिला हिंसा संम्बन्धी मगर महिलाहरुको धारणा

अरुणठाकुर गाविसका अधिक मगर महिलाहरू श्रीमान र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमान शिक्षित भए पनि खराब संगतका कारण अत्याधिक रक्सी सेवन गरी श्रीमतीलाई शारीरिक र मानसिक दुवै यातना दिएका छन् भने परिवारका अन्य सदस्य सासू, ससुरा, नन्द र देवरबाट समेत मानसिक यातना भोग्दै आएका छन् । विधवा महिलाहरू परिवार देखि समाजबाट समेत अपहेलित भएको कुरा शतप्रतिशत उत्तरदाताहरुले स्वीकारेका छन् । तर समग्रमा हेर्दा अधिक महिला श्रीमानबाट हिंसा पीडित बनेको पाइयो भने सासु, ससुरा, जेठानी, आमाजू, नन्द, लगायत परिवारका सदस्यहरुले घरको कामको विषयलाई लिएर गालीगलौज गरेको तथा श्रीमानलाई कुरा लगाइ पिट्न लगाएको पाइएको छ । विधवा महिलालाई देवरले ज्यान मार्ने धम्की दिने गरेको, सामाजिक रुपमा उनीहरु हेला र घृणाको पात्र बन्ने गरेको पाइएको छ । सकेसम्म सहेर बस्नु पर्ने, श्रीमान तथा परिवारका सदस्यहरुको विरुद्ध उजुरी गरेर फाइदा नभएको धारणा उत्तरदाता महिलाहरूबाट राख्ने गरेको पाइयो ।

अध्ययन क्षेत्रभित्रका शतप्रतिशत महिलाहरुले महिलामाथि हुने हिंसा तथा दुर्व्यावहारहरुलाई कुनै न कुनै ढङ्गबाट राम्ररी नै बुझेका छन् । प्रथम त महिलामा हुने शिक्षाको कमी, आर्थिक गरिबी, महिलालाई आफ्ना अधिकारप्रति सचेत बनाउने प्रयास नहुँदा मगर महिलाहरु हिंसाबाट पीडित भएको स्वीकार्छन् । समाजमा महिलालाई हेर्न परम्परागत सोच, मूल्य मान्यतामा परिवर्तन ल्याउने खालका कार्यक्रम संचालन गर्नुपर्ने महिला हिंसा अन्त्यका

लागि महिला पुरुष ऐक्यबद्ध भई अघि बढ्नु, महिलालाई सीपमुलक तालिमहरू प्रदान गरेर आत्मनिर्भर बनाउन जरुरी देखिन्छ । जसले गर्दा पुरुषमाथिको आत्मनिर्भरतामा कमी आउँने र हिंसाको कमी हुने कुरालाई समेत अधिकांश उत्तरदाताहरुले मनन् गरेको पाइयो । सीपमूलक तालिमले आय आर्जनको बाटो खोलिदिने हुँदा महिलाले आफूमा आत्मविश्वास जगाउन सक्ने हुन्छ सोही कारणले हिंसा सहेर बस्ने बाध्यता नरहने धारणा शतप्रतिशत उत्तरदाताहरुको रहेको छ ।

हिंसा भनेको सबैको लागि खराव हो भन्ने कुरामा समेत शत्प्रतिशत मगर महिलाको बुझाई रहेको छ । घरेलु हिंसाका दोषीलाई कानूनी दायराभित्र ल्याउनका लागि घरेलु हिंसा नियन्त्रण सम्बन्धी कानून यथाशीघ्र पारित भई लागु गर्न आवश्यक देखिन्छ । महिलालाई हेर्ने रुढिवादी मूल्य मान्यतामा परिवर्तन गर्दै महिलालाई आर्थिक रुपमा सुदृढ, शिक्षित तथा आत्मनिर्भर गराउने तर्फ सबैको ध्यान केन्द्रित हुन आवश्यक छ भने विद्यमान लैङ्गिक धारणाहरू हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रम ल्याउन जरुरी भएको छ, तब मात्र हिंसा कम गर्न सकिन्छ भन्ने धारणा उत्तरदाताहरूको रहेको छ ।

## ५.२ मगर समुदायका महिलाहरुमा हुने हिंसाका प्रकारहरू

मगर महिलाहरुको भनाईलाई लिंदा अध्ययन क्षेत्रभित्र पाँच प्रकारको महिला हिंसाका स्वरुपहरु रहेका पाइयो । मुख्यगरी *'कुटपिट', 'गालीगलौज', 'यौन दुर्व्यवहार', 'यौन शोषण' र 'गर्भपतन'* हुन् भने अन्यमा *'खानपिनमा भेदभाव' र 'नबोल्ने'* आदि पर्दछन् । यी पाँचै प्रकारको हिंसाजन्य व्यवहारहरु मगर महिलाहरुको घरपरिवारमा रहेको देखिन्छ । अध्ययन क्षेत्रका मगर महिलाहरु बहुप्रकारको हिंसाहरु सहनु बाध्य भएको उनीहरुले बताए भने एउटामात्रै हिंसाबाट एक भन्दा वढी हिंसाका घटनाहरुबाट आफूहरु पीडित हुनुपरेको समेत उनीहरु बताउछन् । जसमा गालीगलौजका घटना सबैभन्दा बढी भएका र त्यसबाट पीडित हुनेहरु पनि बढी नै देखिन्छन् । तसर्थ अध्ययन क्षेत्रभित्र बहुप्रकारका हिंसाहरु देखिने र मगर महिलाहरु बढीजसो आफ्नो श्रीमान, सासु/ससुराबाट पीडित भएको उनीहरुको भनाई रह्यो ।

**तालिका ५.१ : मगर महिलामाथि हुने हिंसाको प्रकार, त्यसबाट पीडित हुनेहरुको विवरण**

| हिंसाको प्रकार | पीडितहुनेहरुको जम्मा संख्या र प्रतिशत | |
|---|---|---|
| | संख्या (३०३) | प्रतिशत (१००.०) |
| कुटपिट | ११२ | ३७.०० |
| गालीगलौज | १५० | ४९.५० |
| यौन दुर्व्यवहार | १६ | ५.२८ |
| यौन शोषण | ११ | ३.६३ |
| गर्भपतन | ८ | २.६४ |
| अन्य (नबोलिदिने, खानपिनमा भेदभाव र छेडछाड गर्ने) | ६ | १.९५ |
| जम्मा | ३०३ | १००% |

स्रोत : स्थलगत अध्ययन, २०७०

तालिका नं ५.१ मा अध्ययन क्षेत्रभित्र हुने हिंसाको प्रकार र त्यसबाट पीडित हुनेहरुको संख्या र प्रतिशतलाई प्रस्तुत गरिएको छ । गालीगलौजलाई सामन्य रुपमा लिइदिदां कालान्तरमा यसले मानसिक पीडा दिएको वा गालीगलौज नै हिंसाको प्रमुख स्रोत एवं स्वरुप भएको बताउने उत्तरदाताहरु कुल ३०३ मा ४९.५० प्रतिशत रहेका छन् । यसरी गालीगलौज नै हिंसाको प्रमुख कारण बन्नुमा दुई परिवारहरुको बीचमा भएको अमिल्दो सामाजिक हैसियत् र बुहारीले सासूप्रति गरिने आदरभाव वा सत्कारबीच असन्तुलन हुदा प्रकट भएको पाइन्छ । यसैगरी यौन दुर्व्यवहार जन्य हिंसाबाट पनि महिलाहरु पीडित भएको देखिन्छ जसका कारण ५.२८ प्रतिशत पीडित रहेका छन् । आफ्नै श्रीमानले जुनसुकै समयमा जथाभावी ठाउँ कुठाउँ हातपात गर्ने व्यवहारलाई दुर्व्यवहारको रुपमा मगर महिलाहरुले भोगेका छन् । यस्ता यौन दुर्व्यवहारहरु घरभित्र मात्रै नभई घरबाहिर रहने छिमेकी पुरुषहरुले समेत गर्ने गरेको महिलाहरु बताउछन् । जाँडरक्सीको अत्याधिक प्रयोग पश्चात हुने घटना र घरका सदस्यहरुले आफ्नै श्रीमानलाई विभिन्न बाहनाका कुरा लगाई कुटपिट गराउने घटनाबाट ३७.०० प्रतिशत महिलाहरु प्रभावित भएको पाइयो । यौन शोषणजन्य हिंसामा पीडित महिलाहरु ३.६३ प्रतिशत रहेका छन् । आफ्नो ईच्छा विपरीत जुनसुकै समयमा श्रीमानले यौन सम्बन्ध राख्ने र आफ्नो ईच्छा पुरा भएपछि वास्ता नगर्ने कारण उनीहरुले यौनशोषण सहनु परेको छ । गर्भपतनलाई हिंसा मान्ने र यसबाट पीडित महिलाहरु २.६४ प्रतिशत रहेको छ । अन्य प्रकारका सामान्य हिंसाहरुः जस्तै कोट्याउने,

छेडछाड पूर्ण भनाई, नबोलीदिने तथा सँगै खानपिनमा बस्दा भेदभावहरु हुने आदिबाट, १.९५ प्रतिशत महिलाहरु पीडित भएका छन् ।

माथिको तालिकालाई थप विश्लेषण गर्दा महिला माथिको हिंसा नेपाली समाजमा शताब्दीऔ देखि रही आएको यथार्थ सर्वविदितै छ । यस्ता विकृति र विसङ्गतिहरूलाई हटाउन समाजमा रहेका हरेक तह र तप्काबाट उचित कदम चालिनुपर्ने अपरिहार्यता रहेको देखिन्छ । मगर महिलाहरू प्रायः शारीरिक तथा मानसिक रुपले पीडित हुने गरेको पाइएको छ । यहांका महिलामाथि हुने हिंसा अन्तर्गत विशेषगरी कुटपिट, गालीगलौज, श्रीमानबाट बढी यौन शोषण गर्ने, खान लाउन नदिई घरबाट निकाला गर्ने, जबर्जस्ती हातपात, गर्भपतन आदि पर्दछन । यी मध्ये धेरैजसो कुटपिट, गालीगलौज वा दुबैबाट पीडित हुनेको संख्या केही बढी रहेको पाइन्छ ।

## ५.३ मगर महिलामाथि हिंसा हुनुका कारणहरू

सामान्यतः समाजमा हुने हिंसाका मुख्य कारणहरु सामाजिक, आर्थिक तथा शैक्षिक कारणहरु नै बढी जिम्मेवार रहेका छन् । यसबाट मगरसमाज पनि अछुतो रहेको छैन । मगर समुदायमा पनि छोराछोरीमा गरिने भेदभाव, महिलाहरुलाई बोक्सीको आरोप लाग्नु, आमाबुबाको काजक्रियामा प्रमुख भूमिका नहुनु आदि सामाजिक तथा सांस्कृतिक कारणहरु रहेका छन् । भूःस्वामित्व, पैतृक सम्पत्ति र निर्णय प्रक्रियामा महिलाहरुको नियन्त्रण नहुनु तथा अनुत्पादक क्षेत्रमा मात्रै महिलाहरुलाई सीमित गरिनुले आर्थिक रुपमा महिलाहरु कमजोर देखिन्छ । छोरीहरुको छिटो विवाह गरिदिनु, ढिलो विद्यालय पठाउनु र घरका कामकाजमा बढी व्यास्त राख्नुले महिलाहरु शैक्षिकरुपमा पछाडि रहेको याथर्थता मगर समुदायमा पनि रहेको छ । जसका बाबजूद मगर महिलाहरुले आफ्नो घरपरिवार तथा छरछिमेकमा हुने भेदभाव तथा हिंसाजन्य व्यवहारहरुबाट पीडित हुने गरेको छ । मगर महिलामाथि हिंसा हुनुमा कुनै एउटामात्र कारण नभई बहुप्रकारको कारणहरु रहेको तालिका ५.२ ले देखाएको छ । हरेक विवाहिता मगर महिला उत्तरदाताहरुले विभिन्न कारणले हिंसा सहनु परेको छ । यस्ता हिंसाका मुख्य कर्ता आफ्नै श्रीमान, सासू/ससूरा, जेठानी/देवरानी, नन्द/आमाजू आदि हुन् ।

**तालिका ५.२: मगर महिलामाथि हिंसा हुनुका प्रमुख कारणहरू र त्यसबाट प्रताडित्हरुको अवस्था**

| हिंसाका कारणहरू | पीडितहुनेहरुको संख्या र प्रतिशत | |
|---|---|---|
| | संख्या (९०) | प्रतिशत (१००.०) |
| जाँड रक्सीको बढी सेवन | २७ | ८४.३७ |
| गरिबी तथा कमजोर आर्थिक अवस्था | २१ | ६५.६२ |
| अशिक्षा | २० | ६२.५ |
| बहुविवाह | १२ | ३७.५ |
| बेरोजगारी | १० | ३१.२५ |

स्रोत : स्थलगत अध्ययन, २०७०

मगर समुदायका महिलाहरु माथि हुने हिंसाका घटनाहरु हुनुका कारणहरूको खोजी गर्दा मुख्यरुपमा मगर जातिमा 'जाँड रक्सीको अत्यधिक सेवन' नै प्रमुख कारण रहेको पाइन्छ ( तालिका ५.२) । परम्परागत रुपमा नै मगर जातिहरु जाँड रक्सीको प्रयोग गर्ने जाति हुन् । आफ्नो घर तथा गाउँ समुदायमा घरैपिच्छे प्रशस्तै जाँड रक्सीको प्रचलनले गर्दा पनि यसको सेवनकर्ताहरु बढी नै रहेका छन् भने जसले गर्दा कहिलेकाही अत्याधिक सेवनका कारण होहल्ला गर्ने र घरपरिवारमा झगडा निम्त्याउने कारण बन्ने गरेको महिलाहरु बताउछन् । जाँड रक्सीको सेवनकै कारण हुने हिंसाबाट कुल उत्तरदातामध्ये ८४.३७ प्रतिशत प्रभावित भएका छन् । त्यस्तै कूल उत्तरदातामध्ये ६५.६२ प्रतिशतले 'गरिबी तथा कमजोर आर्थिक अवस्था' भएका कारण झगडाको स्थिति उत्पन्न भई हिंसा सहन बाध्य भएको छ । सामूहिक भेला, तालिम, घरवाहिरको काम, आदिमा गएको मन नपराउने जस्ता कारणले पनि मगर महिलामाथि हिंसा हुने गर्दछ । महिला प्रतिको दृष्टिकोणमा परिवर्तन नहुदा, रुढिवादी चिन्तन एवं धारणा र अशिक्षाको आँडमा आफूहरुमाथि हिंसा हुने गरेको उत्तरदाता महिलाहरु बताउछन् । जुन ६२.५ प्रतिशतको हाराहारीमा रहेको पाइयो । समाजमा हुने 'बहुविवाह' (३७.५%) तथा 'बेरोजगारी' ( ३१.२५%) को कारणले पनि परिवारमा कलह निम्त्याई श्रीमान/श्रीमती बीच झगडा हुने र त्यसबाट बढी जसो महिलाहरु पीडित हुने गरेको छ । यस्ता विभिन्न कारणहरुले महिलामाथि हुने यस्ता हिंसाजन्य व्यवहारहरुले गर्दा अध्ययन क्षेत्रका मगर महिलाहरुको स्थिति दयनीय रहेको छ भन्दा अत्युक्ति हुने छैन ।

मगर घर परिवारमा भइरहने महिला हिंसाका घटनाहरुको विश्लेषण गर्दा महिलाहरू विभिन्न कारणबाट हिंसाका शिकार भएका छन् । जसमध्ये जाँड रक्सीको प्रयोग तथा सेवन नै हिंसाको एक प्रमुख कारण हो जुन बेरोजगारी र कुलतले गर्दा हुन्छ र यसले सामाजिक तथा आर्थिक समस्याहरु निम्त्याउछ । मगर जातिमा पाहुना आउदा, कुलायन गर्दा, चाडपर्व तथा भोज भतेरमा अत्याधिक मात्रमा जाँड रक्सीको खपत हुने गर्दछ । यस्ता सामाजिक तथा सांस्कृतिक व्यवहारहरुलाई बेलैमा सुधार ल्याउन मगरहरुनै प्रयासरत हुनुपर्ने देखिन्छ ।

मगर समाजमा तुलनात्मकरुपले महिला वर्ग नै पुरुष भन्दा बढी हिंसाको शिकार बन्ने गरेको पाइन्छ । मगर महिलामाथि हुने हिंसामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि कारणहरू त्यति धेरै जिम्मेवार कारण नरहे पनि व्यक्तिगत हिसावले सासु/ससुराबाट बढी पीडित हुनुपरेको उत्तरदाताहरु बताउछन् । श्रीमान र सासूबाट हुने यस्ता व्यवहारहरुले आफ्नै नाता सम्बन्ध, तथा घरपरिवारका सदस्यहरूबाट शारीरिक, मानसिक तथा यौनसम्बन्धी यातना खेप्नु परेको दुखेसो महिलाहरुको छ । महिलालाई बोक्सीको आरोप लगाई कुटपिट तथा अमानवीय कार्य गर्ने, दाइजोको नाममा यातना, बालविवाह, बहुविवाह, खान लाउनमा विभेद आदि सांस्कृतिक चालचलन तथा कारणहरुले उनीहरुको आत्मा कमजोर हुने गरेको छलफलका सहभागीहरु बताउछन् । उल्लेखित हिंसाका कारणहरूलाई प्रश्रय दिने कार्य पितृ सत्तात्मक समाजले गर्दै आएको भएता पनि समग्रमा मगर जातिभित्र खासै ठूलो स्वरुपमा महिला हिंसाका घटनाहरु भने नभएको देखिन्छ । यसो हुनुका मूल कारण मगरजातिमा महिलाहरुको हैसियत् पुरुष सरह नै भएको पनि उत्तरदाताहरु बताउछन् । परिवार वा छरछिमेकमा महिलामाथि हुने दुर्व्यवहार, कलह वा झै-झगडाहरुलाई कुनै व्यक्ति, परिवार वा छरछिमेकको सहारामा मिलाउने गरेको घटनाहरु पनि छलफलका सहभागीहरुले बताउने गरेका थियो ।

## ५.४ मगर महिलाहरुले हिंसा सहनुको कारण

आफ्नो घरपरिवारमा हुने महिला हिंसाका घटनाहरु आफ्नै परिवारका सदस्यहरुबाट बढी हुने हुनाले यस्ता हिंसाका घटना वा झै-झगडाहरु सहेर बस्नु बाहेक अर्को विकल्प नभएको पनि पाइन्छ । अध्ययन क्षेत्रका मगर महिलाहरुले पनि यस्ता हिंसाजन्य व्यवहारहरुलाई

विगत देखि नै सहदै आइरहेको छ । खासगरी आफ्नो वा परिवारको इज्जत जाने डर, घरपरिवार वा समाजबाट निकालिने डर, अशिक्षा, बालबच्चाको भविष्य र विवाह भएपछि आफ्नो परम्परा एवं संस्कृतिलाई निरन्तरता दिइरहनु पर्ने आदि कारणले महिलाहरु आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहेरै बस्ने गरेको उदाहरणहरु समाजमा पर्याप्त रहेको पाउन सकिन्छ । जुन कुरा अरुणठाकुर गाउँका मगरसमुदायका महिलाहरुले पनि गर्दै र भोग्दै आएका छन् । अध्ययनको समयमा महिलाहरु माथि हुने जघन्य हिंसालाई सहेर बस्नुपर्नु कारण के हो भनेर सोधिएको थियो । जुन कुरा तालिका ५.३ ले समेत प्रष्ट पारेको छ ।

**तालिका ५.३ : मगर महिलाहरुले हिंसा सहेर बस्नुको मुख्य कारणहरु**

| हिंसा सहनुका कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|
| इज्जत जाने डर | १० | ३.३० |
| समाजबाट निकालिने डर | १५० | ४९.५० |
| अशिक्षा | १० | ३.३० |
| घरबाट निकालिने डर | ११३ | ३७.२९ |
| अन्य (बच्चाको भविश्य, परम्परा तथा संस्कृतिलाई धान्नु पर्ने भएकोले) | २० | ६.६१ |
| जम्मा | ३०३ | १००.० |

स्रोत: स्थलगत अध्ययन, २०७०

तालिका ५.३ अनुसार अध्ययन क्षेत्रका मगर महिलाहरुले आफ्नो घरपरिवारमा हुने महिला हिंसाका घटनाहरु सहनुको पछाडि प्रमुख कारण आफ्नो र परिवारको ‘इज्जत जाने डर ३.३० का कारण लोग्ने तथा परिवारका सदस्यबाट हुने हिंसाजन्य व्यवहारहरु सहेको बताए । त्यस्तै ४९.५० प्रतिशतले ‘समाजबाट निकालिने डर’ का कारण सहन बाध्य भएको बताए भने ३.३० प्रतिशतले ‘अशिक्षा’ को कारणमा जोड दिए । हुन पनि मगर महिलाहरुसँग आयआर्जनका लागि चाहिने ज्ञान तथा सीपको कमी रहेको पाइन्छ । यसरी महिलाहरुसँग पर्याप्त सीप नहुदा र पैतृक सम्पत्तिमा पुरुषको एकलौटी हकअधिकार हुँदां उनीहरु पुरुषमाथि भर पर्नुपरेको छ । जसले गर्दा आफूमाथि हुने विभिन्न हिंसाजन्य व्यवहारहरु सहन गर्नु परेको स्पष्ट छ । त्यस्तै

३७.२९ प्रतिशतले 'घरबाट निकलिने डर' का कारण हिंसा सहनुको विकल्प नभएको बताए । २० जना अर्थात ६.६१ प्रतिशतले भने अन्य विभिन्न कारणहरु जस्तै बच्चाहरूको भविष्यका लागि, आफ्नो जातिको संस्कृति र परम्परा अनुसार चल्नुपर्ने भएकोले आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहेको बताए ।

यसरी समग्रमा मगर महिलाहरुले आफूमाथि हुने हिंसाजन्य व्यवहारहरु सहनुमा विविध कारणहरू जिम्मेवार रहेका छन् । एकातिर आफ्नै श्रीमान तथा परिवारकै सदस्यहरु मुख्य कर्ता भएकोले उनीहरु विरुद्ध कानूनी उपचार गर्न जादैनन् । सहयोगी संङ्घ संस्थाहरुमा जानकारी दिंदा भोलिको भविश्य अनिश्चित हुने र सोही परिवारमै जीवन गुजार्नु पर्ने अवस्था आउने भएका कारण चुपचाप सहनु परेको अधिकाश छलफलका सहभागीहरुको भनाई छ । आफूमाथि भएको हिंसाको रिपोर्ट गर्दा कानूनले केही सहयोग त गर्छ, फेरि त्यही परिवारमा जीवन गुजार्नु वा बिताउनु पर्छ, जसले गर्दा पनि महिलाहरुमाथि भएको हिंसा प्रस्फुटन हुन सकेको छैन । त्यसैले गर्दा अध्ययन क्षेत्रअन्तर्गत अधिकांश मगर महिलाले आफ्नो श्रीमान तथा परिवारका अन्य सदस्यबाट भएका कुटपिट तथा गाली गलौजका घटनामा उजुरीका लागि जानुपर्ने आवश्यकता पनि ठान्दैनन् र गरेका पनि छैनन् ।

मगर महिलाहरुले हिंसा सहनुका अन्य कारणहरूमा अशिक्षा, चेतनाको अभाव, आफ्नो आयआर्जनको बाटो नभएकाले र बच्चाहरूको भविष्यका लागि बाध्यता वश पनि आफू माथि हुने दुर्व्यवहारहरु खुलेर भन्न नचाहेको अध्ययन अवधिमा प्रष्ट देखियो । यसका लागि उचित कानून बन्न नसक्नु र भएका कानून प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नुले पनि महिलाहरुले हिंसा सहेर बस्ने परिपाटी कायम रहेको देखिन्छ ।

यसरी व्यवहारिक रुपमा उत्तरदाता मगर महिलाहरू जुन किसिमले पीडित बनेका छन् सोही अनुरुप जानकारी दिन हिच्किचाहट भएको पनि पाइएको छ । मुख्य सूचनादाताहरूले, यसो हुनाका कारण कानूनी चेतनाको अभाव, शिक्षाको अभाव, प्रभावकारी रुपमा उपचार पाइन्छ भन्ने जनविश्वासको कमी, अन्याय सहेर बस्ने कमजोर मानसिकता, सामाजिक मान्यता, पितृसत्तात्मक परिपाटी, आफ्नो अधिकारप्रति उदाशीनता, र सरल र सुलभ रुपमा उपचार प्राप्त नहुने अवस्थालाई प्रमुख ठान्दछन् ।

## अध्याय-छ

# सारांश तथा निष्कर्ष

### ६.१ सारांश

नेपाल सदियौदेखि पितृसत्तात्मक संरचनामा हुर्किदै आएको हुनाले सम्पूर्ण महिला जगत्ले शोषण, दमन, यातना तथा हिंसाजन्य पीडाहरूलाई भोग्दै र सहदै आउनु पर्ने बाध्यता र विवशताले गर्दा पनि महिला हिंसाको अन्त्य हुन सकेको छैन । यसैले महिला हक हित र अधिकारको सुनिश्चितता ग्यारेन्टी मात्र नभई व्यवहारमा लागू गर्नैपर्छ अनि मात्र सभ्य र सुसूचित समाजको निर्माण हुन सक्छ । कानून बन्नुपर्छ तर कानून बन्नु मात्र पर्याप्त हुँदैन जसबम्म त्यो कानूनको कार्यान्वयन हुँदैन, आज महिला र पुरुषबीच भइरहेको दूरीको खाडल मेट्दै , महिला भएकै कारणले भोग्नु परेको हिंसाको उन्मुलन गर्दै विकासको मूल प्रवाहमा महिलाको सहभागिता गराउनै पर्छ अनि मात्र एउटा सभ्य समाजको कल्पना गर्न सकिन्छ ।

यसैले महिला माथि भएको हिंसा शारीरिक यातना मात्र होइन, मानसिक, धार्मिक, कानूनीरुपमा भएको यातनालाई पनि महिलामाथिको हिंसा मान्नुपर्ने हुन्छ । खासगरी यस अध्ययनको मुख्य उद्देश्य भनेको मगर जाति महिलाहरूमाथि हुने हिंसाको प्रकार र कारणहरुको खोजी गर्नु नै हो । उनीहरूको सामाजिक, आर्थिक पृष्ठभूमिमा हुने घरेलु हिंसा, हिंसाको प्रकार र कारणहरुलाई यस अध्ययनमा समीक्षा गरिएको छ ।

यस अध्ययनका लागि अध्ययन क्षेत्रको रुपमा सिन्धुली जिल्लाको अरुणठाकुर गाविसलाई छनौट गरिएको थियो । उक्त गाविसमा रहेका वडाहरु ९ ं वडामा रहेका कुल १०४३ घरधुरीबाट मगर जातिका ३०३ घरधुरीलाई मात्र घरधुरी उत्तरदाताको लागि नमुना छनौट विधिबाट छनौट गरिएको थियो । प्रत्येक घरधुरीबाट विवाहित महिलालाई मात्र उत्तरदाताको रुपमा छानी प्रश्नावली सूचीअनुरुपको अन्तर्वार्ता गरिएको छ । महिला हिंसाका प्रकार र कारणलाई जान्न समूह छलफल, जानकार व्यक्तिसँगको अन्तरवार्ता र अवलोकन विधिलाई समेत जोड दिई अध्ययन गरिएको छ । अध्ययनका क्रममा आवश्यक तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ भने तथ्याङ्कीय स्वरुप भने गुणात्मक तथा मात्रात्मक दुवै रहेको छ ।

कुल ३०३ घरधुरीबाट छानिएको महिला उत्तरदाताहरूको उमेरगत अवस्थालाई हेर्दा सबैभन्दा बढि २०-५९ वर्ष उमेर समूहका ५२.८१ प्रतिशत रहेका छन् भने सबैभन्दा कम १९ वर्ष भन्दा मुनिका १८.१५ प्रतिशत मात्र रहेका छन् । त्यस्तै २९.७० प्रतिशत उत्तरदाताहरुको ६० वर्षमाथि उमेरमा विवाह भएको देखिन्छ । अधिकांश महिलाहरुको विवाह सानै उमेरमा हुनुमा कमजोर आर्थिक अवस्था र शैक्षिक चेतनाका अभाव रहनुलाई मुख्य कारण मानेका छन् ।

२५.७५ प्रतिशत उत्तरदाताहरु संयुक्त पारिवारिक ढाँचामा रही बस्ने गरेको पाइन्छ भने बाँकी एकात्मक पारिवारिक ढाँचामा रहेका छन् ।

उत्तरदाताहरुको शैक्षिक अवस्थालाई विश्लेषण गरिदा २६.४० प्रतिशत साक्षर रहेको थियो भन २६.४० प्रतिशत निरक्षर रहेका छन् । उच्च माध्यमिक तहको शिक्षा पूरा गर्नेहरु १.३३ प्रतिशत मात्र रहेको छ । मगर महिला उत्तरदाताहरुको शैक्षिक स्थिति भने तुलनात्मक रुपमा बिद्यालय तहसम्मको देखिन्छ । समग्रमा औपचारिक शिक्षा हासिल गरेका मगर महिलाको संख्या भने बढी छ ।

८२.५० प्रतिशत उत्तरदाताहरुको मुख्य पेशा कृषि रहेको छ । त्यस्तै १३.५३ प्रतिशत ज्याला मजदुरी, १.६५ प्रतिशत जागिर र व्यापारमा १.६५ प्रतिशत र ०.६७ स्थानीय क्षेत्रको विकास कार्यमा संलग्न रहेका छन् । धेरैजसो उत्तरदाताहरुको आयअर्जनको माध्यम पनि कृषि नै देखिन्छ । कृषि कार्यका लागि बढीमा सरदर तीन बिगाहासम्म जमिन हुनेहरु रहेका छन् भने थोरै हुनेहरुको पनि ५ कट्ठासम्म रहेको पाइयो ।

त्यसैगरी जीविका पार्जनका लागि अंगालेका पेशा र आफूसँग भएको जग्गाजमिनबाट बार्षिक खाद्यन्न पर्याप्तता छ/छैन भन्ने कुरालाई समेत हेरिएको थियो । जस्मध्ये ५० घरधुरी उत्तरदातालाई मात्र आफू र आफ्नो जग्गाको उब्जनीले बाह्रै महिनासम्म धान्न सक्ने पाइयो भने २८ घरधुरी उत्तरदाताहरुलाई बेचबिखन गरी आम्दानी गर्न समेत पुगेको पाइन्छ । बाँकी २२५ घरधुरी उत्तरदाताहरुलाई भने १-६ महिनासम्म मात्र पुग्ने देखिन्छ । उनीहरुले स्थानीय तहमा ज्याला मजदुरी गर्ने गरेको पाइन्छ । यसरी अध्ययन गर्दा अरुणठाकुर गाविसमा  मगर जातिको आर्थिक अवस्था पनि कष्ठकर देखिन्छ ।

अध्ययन क्षेत्रभित्रका शतप्रतिशत महिलाहरुले महिलामाथि हुने हिंसा तथा दुर्व्यवहारहरुलाई कुनै न कुनै ढङ्ग राम्ररी नै बुझेका छन् । सीपमूलक तालिमले मात्र आयआर्जनको बाटो खोलिदिने र महिलामा आत्मविश्वास बढ्न सक्ने भएकोले महिलाहरु हिंसा सहेर नबस्ने धारणा शतप्रतिशत उत्तरदाताहरुको रहेको छ ।

शतप्रतिशत उत्तरदाताहरुले हिंसा सबैको लागि खराव हुने कुरा बताए भने विद्यमान लैङ्गिक धारणाहरू हटाउने र लैङ्गिक समानता सम्बन्धी जनचेतना जगाउने खालका कार्यक्रमले मात्र हिंसालाई केही कम गर्न सक्ने धारणा उत्तरदाताहरूको रहेको छ ।

अधिकांश मगर महिलाहरू श्रीमान र परिवारका अन्य सदस्यबाट पीडित भएको पाइएको छ । श्रीमानले अत्याधिक रक्सी सेवन गरी श्रीमतीलाई शारीरिक र मानसिक दुवै यातना दिएका उत्तरदाताहरुले बताए ।

महिला माथि हिंसा हुनुमा मुख्य कारणहरू भने अत्याधिक जाँड रक्सीको ८४.३७% रहेको छ । त्यस्तै ६५.६२ प्रतिशत गरिबी, ६२.५ प्रतिशत अशिक्षा, ३७.५ प्रतिशत बहुविवाह, ३१.२५% बेरोजगार रहेको पाइयो ।

मगर महिलामाथि हुने हिंसामा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक आदि कारणहरू त्यति जिम्मेवार नरहे पनि व्यक्तिगत हिसावले सासु/ससुराबाट बढि पीडितहुनुपरेको उत्तरदाताहरुले बताए । समग्रमा मगरजातिभित्र खासै ठूलो स्वरुपमा महिला हिंसाका घटनाहरु भने नभएको देखिन्छ । यसो हुनुमा मगरजातिमा महिलाहरुको हैसियत् पुरुष सरह नै भएको अधिकांश उत्तरदाताहरु पनि सहमत रहेको देखिन्छ ।

यसरी महिलाहरुले हिंसा सहनुको कारणहरु भने ३.३०% उत्तरदाताहरुले आफ्नो र परिवारको इज्जत जाने डरका कारण हिंसाजन्य व्यवहार सहेको बताए । त्यस्तै ४९.५०% ले समाजबाट निकालिने डर, ३.३० प्रतिशत अशिक्षाको कारण, ३७.२९ प्रतिशत घरबाट निकलिने डरका कारण हिंसा सहनु परेको कुरा खुलाए भने बाँकी ६.६१ प्रतिशतले भने बच्चाहरूको भविष्यका लागि, संस्कृति र परम्परा अनुसार चल्नुपर्ने भएकोले कारणलाई बताए ।

## ६.२ निष्कर्ष

नेपाल एक ग्रामीण कृषि अर्थतन्त्रमा आधारित राष्ट्र हो, यहाँका झण्डै ८१ प्रतिशत जनताले कृषिलाई जीवनयापनको प्रमुख माध्यम बनाएका छन् भने यस अध्ययन स्थलमा पनि पेशाको रुपमा कृषि, जागिर, व्यापार, मजदुरी आदि गरी घरपरिवार चलाउन महिला पुरुष दुवैको सक्रिय योगदान रहेको छ । यहाँका मगर महिलाहरू महिलामाथि हुने हिंसाका घटनालाई सामान्य रुपमा लिने गरेको भएता पनि अन्य छरछिमेक तथा परिवारहरुले थाहा पाउने पो हुन् कि भन्ने मनस्थितिमा रहेको देखिन्छ । शिक्षा र चेतनाको अभाव, बालबच्चाको भविष्य र श्रीमानको दवावले गर्दा हिंसा सहने बानी परेको अधिकांश महिलाहरुमा देखिन्छ ।

घरेलु हिंसाबाट पीडित (हिंसाको शिकार बनेका) मगर महिलाहरू कानूनी उपचारका लागि प्रहरी वा कुनै संङ्घ संगठनमा उजुरी गर्नु भनेको थप हिंसाको शिकार बन्नु हो भन्ने कुरालाई राम्ररी बुझेका कारण कानूनी उपचारको खोजी नगरेको पाइन्छ । कमजोर शिक्षा, जीविकोपार्जनका लागि सीप नहुदा फेरि सोही परिवारमा नै जीवन गुजार्नु पर्ने बाध्यताले पनि मगर महिलाहरुले हिंसाको उजुरी गर्न नचाहेको देखिन्छ भने अर्कोतिर महिलासम्बन्धी उजुरी सुन्ने कानूनी निकायको समेत अभाव रहेको छ । खासगरी श्रीमान र सासुबाट विवाहित महिलाहरु बढी पीडित हुने गरेको छ । विपन्न वा उच्च परिवार जे भए पनि हरेक घरपरिवारमा रहेका महिलाहरु कुनै न कुनै प्रकारको घरेलु भेदभाव एवं दुर्व्यवहारहरुबाट प्रभावित भएको देखिन्छ भने बढी जसो गालीगलौज र मानसिक यातनाजन्य हिंसाहरु हुने गरेको अध्ययन क्षेत्रका अधिकांशको भनाई रहेको छ ।

खास गरी विकृतिका रुपमा रहेको जाँड रक्सी जस्ता मादक पदार्थको अत्यधिक सेवन नै महिलामाथि हुने हिंसाको कारणको रुपमा देखिएको छ । मगर समुदायमा जाँडरक्सी बिनाको घरपरिवारको कल्पना समेत गर्न नसकिने परम्परागत मान्यता एवं चालचलनले गर्दा यस्तो समस्या निम्तने गर्दछ । अधिकांश मगर महिलाहरुको सामाजिक तथा आर्थिक हैसियत घरमूली तथा पुरुष सरहको भए पनि परिवारका सदस्यहरुबाट हुने अपमान एवं हिंसाजन्य व्यवहारहरुलाई सहेर बस्नु परेको याथर्ता देखिन्छन् । यसरी सहेर बस्नुमा भने आफ्नो मान, इज्जत, आयआर्जनको बाटो नभएकोले, अशिक्षा, बच्चाहरूको भविष्य र आफ्नो संस्कृति तथा परम्परालाई धान्नु पर्ने भएको कारण रहेको देखिन्छ ।

# सन्दर्भसामग्री


अन्तरिम संविधान, (२०६३): नेपालको आन्तरिम संविधान, २०६३, नेपाल सरकार कानून किताव व्यवस्था समिति, काठमाडौं, नेपाल ।

अर्याल, शिवहरि (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन,* लुम्बिनी प्रकाशन,प्रदर्शनीमार्ग, काठमाण्डौ ।

आचार्य, बलराम (२०६७), *लैङ्गिक र महिलावादी अध्ययन,* नेशनल बुक सेन्टर, भोटाहिटी, काठमाण्डौ ।

चन्द, राजन (२०६८), *घरायसी निर्णय प्रकियामा क्षेत्री महिलाहरुको भूमिका, एक समाजशास्त्रीय अध्ययन,* समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग, त्रि. वि. काठमाण्डौ ।

*नारी मासिक* (२०६९), बैशाख, असार, मंसिर

विकास मञ्च, (२०५९): *घरेलु हिंसाविरुद्धको कानूनसम्वन्धि जानकारी पुस्तिका ।* थापाथली, काठमाडौं नेपाल ।

श्रेष्ठ केशव र साथीहरु (२०६६), *लैङ्गिक अध्ययन,* एकेडेमिक बुक सेन्टर, कीतिर्पुर काठमाण्डौ ।

Bennett, Lynn, (1983): Dangerous Wives and Sacred Sister: Social and symbolic roles of High Caste Woman in Nepal, Columbia University Press

Census, (2011) : "Literacy Status of Female Population of Nepal", Central Bureau of Statistics, Kathmandu, Government of Nepal

UN, (1995) : Beijing Plat From for Action, United Nation, New York

UNDP, (2001) : Human Development Report (2001), Kathmandu Nepal

UNICEF, (2006) : Situation-Analysis of Women & Children in Kathmandu: A Country Report, Nepal

Village Development Profile (2067) : *Arunthakur Village Development Profile, 2067*, Office of the Arunthakur VDC, Sindhuli District

Word Bank, (1993) : *The World Bank,* Washington DC

Acharya, Meena (1996). *Status of Women in Nepal*. (vol.II, partI).

Aacharya, Meena (1997). *Gender Eqality and employment of Women* (CEDAW).